मजदुर विज्ञापन शाखा

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१


# मजदुर

## The Worker Daily दैनिक


Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : १०१ ★ ने. सं. ११४६ बछला गा, तृतीया ★ सोमबार ★ २१ वैशाख, २०८३ ★ May 4, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





मजदुर दिवस मनाउन रुसको राजधानी मस्कोको लालचोकनिर रहेको कार्ल मार्क्सको स्मारकनजिक जम्मा भएका रुसी कम्युनिस्ट पार्टी र तिनका समर्थकहरूको जुलुसमा सोभियत नेता जोसेफ स्तालिनको तस्बिर बोकेका एक सहभागी । *(२०२६ मे १, शुक्रबार । स्रोत : एपी)*

# पैसा कमाउने धुनमा अपराध कहाँसम्म ?

पैसा कमाउने उद्देश्यले केही मानिस कानुनविरोधी अनेक व्यापार तथा समाजमा अस्वीकार्य लेनदेनमा संलग्न भएको पाइएको समाचार सञ्चारमाध्यमहरूमा आएका छन् । ३०-४० वर्षअगाडि मूर्ति चोरीका धेरै घटना हरेक महिना सुनिन्थ्यो । ५० वर्षअगाडि सम्म सम्भवतः मूर्ति चोरीको कुनै कानुन नहुँदा ठुलाबडा मानिसहरू नै त्यस पेसामा संलग्न थिए । मूर्ति चोरहरूले पहिले नै कानुन व्यवसायी (वकिल) लाई तयार गर्थे र तीमार्फत बन्दी प्रत्यक्षीकरण ऐनबाट छुट्थे । कानुन बन्दासम्ममा धेरै मूर्तिहरू देशबाहिर पुगिसकेका थिए । शासक परिवारका मानिसहरूसमेत त्यसमा सामेल भएको जगजाहेर भयो । तिनीहरू कूटनैतिक सामान वा बाकस भन्दै मूर्तिहरू विदेश पुऱ्याउँथे ।

यसकारण, हरेक कानुनविरोधी कार्यमा जिल्ला र नगरका ठुलाबडा घरानाका छोराछोरी संलग्न हुन्थे । तिनीहरू आफै जिउ मास्ने व्यापारमा सरिक हुन्थे । मेजिस्ट्रेट कार्यालय, प्रहरी कार्यालय र गुप्तचर विभागमै आफ्ना मानिस हुने हुँदा मुख्य अपराधीहरू छुट्थे । जति ठुलो पदका मानिस हुन्छन् त्यति नै तिनीहरूका ठुला कमजोरी पनि हुन्छन् । ठुलाबडाको ठुल्ठुलै काम हुन्छ; फुर्सद हुँदैन र छोराछोरी हेर्न सक्दैनन् अनि छोराछोरीहरू नराम्रो सङ्गतको कारण लागूपदार्थ सेवन सँगसँगै लागूपदार्थको बेचबिखनमा समेत संलग्न हुन्छन् ।

अपराधीहरू पनि नागरिक नै भएकाले तिनले गाउँ, टोल एवम् छिमेकमा प्रभाव भएकै छोराछोरीलाई प्रयोग गर्दै तिनीहरूको व्यवसाय र व्यापार चलाउँछन् । पैसाकै कारण समाजमा अपराधीहरूको धाक धम्की बिक्छ । निर्वाचित वडाध्यक्ष, वडा सदस्य, मेयर, प्रदेश सांसद र सङ्घीय सांसदसँग उनीहरूको उठबस हुन्छ । तिनै निर्वाचित सदस्यहरू सरकारमा पुग्छन् । ती अपराधीहरूकै मानिस सिमानाका जिल्ला कार्यालयहरूमा तस्करी रोकथाम गर्नुपर्ने सुराकी र अन्य कर्मचारीहरूकै पदमा पुग्छन् ।

वन मास्ने तस्कर र भन्सारबाट सरकारको आम्दानी ह्रास गराउने अपराधीहरू तिनै गिरोहका हुन्छन् । गृहमन्त्रीको टोलीका मानिसहरूको पछाडि अपराधीहरूकै मानिसहरू हुन्छन् । अर्को निर्वाचनमा पार्टीका उम्मेदवार जिताउने नाममा राजनैतिक दलहरू नै अपराधीहरूको गुट बन्ने सम्भावना छ । सुडान काण्ड, पासपोर्ट काण्ड र अनेक तार-टेलिफोन काण्डमा शासक दलकै छोराछोरीको कारण सरकार फस्दै गएको कुरा गुप्त रहेन ।

पञ्चायतकालमा नखुलेका मूर्तिचोरहरू, पोखरामा खुर्सानीको व्यापार गर्नेहरू, रक्सी व्यापारीहरू, जुवाका व्यवसायीहरू, भिडियोका व्यवसायीहरू आदि बहुदलका विरोधी थिए । पुराना यस्ता अपराधीहरूका हाँगाबिँगासमेत अन्तर्राष्ट्रिय अपराधी गिरोहसँग संलग्न छन् कि भन्ने शङ्का गर्ने ठाउँ धेरै छ । किनभने, हाम्रो सीमा तीनतिर खुला छ ।

सुन तस्करी नयाँ विषय भएन तर गाँजा र अन्य लागूपदार्थ अमेरिकादेखि नेपाल भएर दक्षिणपूर्वी एसियासम्म पुग्नुले अनेक व्यवसायी र व्यापारीहरूसमेत संलग्न भएको अनुमान गर्न गाऱ्हो छैन ।

यसकारण, सरकार र राजनैतिक पदमा बसेका नेताका छोराछोरीहरूको विद्यालय तहदेखिको सूचना आवश्यक छ । त्यसपछि सरकारसँग सिंहदरबारमा बस्ने सचिवदेखि तल्ला कर्मचारीहरूसम्मको सूचना हुनु आवश्यक छ र सोअनुसार बरोबर हेरविचार गर्नु उपयुक्त हुन्छ । न्यायपालिकाप्रति पनि सरकारले निगरानी पुऱ्याउन नसके धेरै अपराधीहरू छुट्नेछन् र न्यायपालिकाप्रति जनताको विश्वास घट्दै जानेछ ।

३० वर्षदेखि तल्लो तहका कर्मचारीको तलब बढाउने हो वा मालसामानको भाउ सस्तो पार्ने हो वा कर्मचारीहरूका छोराछोरी वा शिक्षक, प्रहरी एवम् सेनाका छोराछोरीहरूको शिक्षालाई व्यवस्थित र सहुलियत दिने हो भन्नेबारे हुँदै आएको छलफल चालु राख्नु लाभदायक हुनेछ ।

समाजवादी व्यवस्थामा सेवा र उत्पादनको साधन एवम् वितरण प्रणाली सामाजिकीकरण (राष्ट्रियकरण) हुने तथा विदेशी मुद्रामा निगरानी हुनाले भ्रष्टाचार तुलनात्मकरूपले कम हुन्छ । समाजवादी व्यवस्था आफै पुँजीवाद र साम्यवादको बिचको सङ्क्रमणकाल भएकोले तथा पुँजीवादको गर्भबाट जन्मेको हुँदा समाजवादमा पनि नयाँ शिशुमा जस्तै गर्भका रगतका टाटा रहने गर्छ । पुँजीवादी देशहरूसँगको कूटनैतिक, सांस्कृतिक, व्यापारिक एवम् अन्य सम्बन्धहरूले गर्दा समाजवादी देशहरूले पुँजीवादी र साम्राज्यवादीहरूका अनेक षड्यन्त्र, हस्तक्षेप तथा आक्रमणहरूविरुद्ध सङ्घर्ष गरिरहनुपर्ने हुन्छ । मार्क्सवाद-लेनिनवाद र वर्गसङ्घर्षमार्फत समाजवादलाई कुखुराले चल्लाहरू बचाएजस्तै जोगाइरहनु एक कष्टसाध्य विषय हो ।

*३ पुस २०८० (डिसेम्बर १९, २०२३)*

***'श्रमिक' साप्ताहिकबाट***

**व्यङ्ग्यचित्र कुनो**




# देश र समाजको लागि योग्य जनशक्ति आवश्यक




भक्तपुर, २० वैशाख । वागीश्वरी कलेज तुमचो कमलविनायकमा सञ्चालित तीनदिने शिक्षक क्षमता अभिवृद्धि तालिम आइतबार सम्पन्न भएको छ ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले युद्ध र निर्वाचनमा समेत एआई प्रयोग भएको चर्चा गर्दै डिजिटल प्रविधिमैत्री नभए शिक्षक समयसापेक्ष नहुनेबारे सचेत पार्नुभयो ।

सूचना र सञ्चार प्रविधिमा संसारमा तीव्र प्रतिस्पर्धा भइरहेको वर्तमानमा शिक्षकहरू अद्यावधिक नभए शिक्षक विद्यार्थीभन्दा पछाडि पर्न सक्ने उल्लेख गर्दै उहाँले निजी आवासीय विद्यालयहरूमा ३६५ दिन नै पढाइ हुँदा सामुदायिक विद्यालयहरूमा बिदामाथि बिदा थपिँदै जाँदा गरिब विद्यार्थी मारमा पर्ने विचार व्यक्त गर्नुभयो ।

तालिममा सिकेको सीप कक्षा कोठामा प्रतिबिम्बित हुने विश्वास व्यक्त गर्दै प्रमुख प्रजापतिले देश र समाजको लागि योग्य जनशक्ति उत्पादन गर्ने हेतुले कलेजले निरन्तर यस्ता तालिमहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा उहाँले वागीश्वरी कलेजको नियमित जर्नलको पाँचौं अङ्क पनि विमोचन गर्नुभयो ।

कार्यक्रममा वागीश्वरी जर्नलका सल्लाहका डा. बलराम दुवालले जर्नलको लागि प्राप्त लेखहरू एआईकै हुबहु भएको हुँदा त्यसलाई स्थान नदिइएको बताउँदै एआईलाई चलाउने मानिसमा सिर्जनशीलनता चाहिन्छ नत्र हामी एआईका दास बनौंला भन्नुभयो ।

वागीश्वरी आरएमसीका संयोजक प्रा.डा. सिद्धिवीर कर्माचार्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्राचार्य धनकुमार श्रेष्ठ, वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छा, मानविकी इन्चार्ज राजन फेलु र तालिमका सहभागी प्रतिनिधि निष्ठा कायष्ठले तालिमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो ।

# द्वन्द्व अन्त्यका लागि इरानको नयाँ प्रस्ताव

तेहरान, ३ मे (सिन्ह्वा) । इरानका विदेशमन्त्री सैयद अब्बास अराघचीले संयुक्त राज्य अमेरिकासँग जारी द्वन्द्व अन्त्य गर्ने उद्देश्यले तयार गरिएको नयाँ प्रस्तावबारे एसिया र युरोपका विभिन्न देशका आफ्ना समकक्षीहरूसँग जानकारी आदानप्रदान गर्नुभएको छ ।

शुक्रबार र शनिबार भएका छुट्टाछुट्टै टेलिफोन वार्ताहरूमा उहाँले टर्कीए, कतार, साउदी अरेबिया, इजिप्ट, इराक, अजरबैजान, रुस, दक्षिण कोरिया, जापान, फ्रान्स, इटालीलगायत देशहरूका अधिकारीहरूसँग क्षेत्रीय अवस्थाबारे छलफल गर्नुका साथै वासिङटनसँग सम्भावित युद्धविरामका विषयमा पनि कुराकानी गर्नुभएको बताइएको छ । युरोपेली सङ्घका परराष्ट्र नीतिसम्बन्धी प्रमुखसँग पनि उहाँले परामर्श गर्नुभएको जनाइएको छ ।

इरानको विदेश मन्त्रालयद्वारा जारी वक्तव्यअनुसार अराघचीले अमेरिकी तथा इजरायली सैन्य गतिविधिहरूले फारसको खाडी र हर्मुज जलडमरूमध्य क्षेत्रमा असुरक्षा बढाएको बताउनुभएको छ । उहाँले इरानले युद्ध सुरु नगरेको दाबी गर्दै संयुक्त राज्य अमेरिकाले आफ्नो कडा नीति, धम्कीपूर्ण अभिव्यक्ति तथा उक्साउने कार्यहरू त्यागेमा इरान कूटनीतिक समाधानका लागि खुला रहेको स्पष्ट पार्नुभयो ।

उहाँले इरानका सशस्त्र बलहरू कुनै पनि सम्भावित खतराको सामना गर्न पूर्ण रूपमा तयार रहेको पनि उल्लेख गर्नुभयो । केही क्षेत्रीय देशहरूले कूटनीतिक पहललाई प्रोत्साहन दिँदै तनाव बढ्न नदिन खेलेको 'रचनात्मक भूमिका' को प्रशंसा गर्नुभएको छ ।

फेब्रुअरी २८ मा इजरायल र


***बाँकी पृष्ठ २ मा***




**पशुपति क्षेत्रमा सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाइँदै**

काठमाडौँ महानगरपालिका–८ स्थित पशुपति क्षेत्रमा सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना आइतबार हटाइँदै । शनिबारदेखि यहाँका अतिक्रमण संरचना हटाउन सुरु गरिएको हो । *तस्बिर : विमलबहादुर विष्ट/रासस*

# विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा सिन्धुलीमा प्रभातफेरी र कोणसभा

सिन्धुली, वैशाख २० । विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा आइतबार नेपाल पत्रकार महासङ्घ सिन्धुली शाखाले सदरमुकाम सिन्धुलीमाडीमा प्रभातफेरी र कोणसभाको आयोजना गरेको छ ।

नेपाल पत्रकार महासङ्घ सिन्धुलीशाखाको आयोजनामा बिहान महासङ्घको कार्यालयबाट शुभारम्भ गरिएको प्रभातफेरीपछि स्थानीय लोकतान्त्रिक चोकमा आयोजना गरिएको कोणसभामा विद्यमान सरकारले प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप गर्न थालेको औँल्याइएको छ ।

सो अवसरमा नेपाल पत्रकार महासङ्घ सिन्धुलीका पूर्वअध्यक्ष शङ्कर सौगातले सरकारले निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापन बन्द गर्ने नीति गलत भएको बताउँदै सरकारी निर्णय फिर्ता लिन आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासङ्घका जिल्ला अध्यक्ष बाबुराम देवकोटाले सरकारले अघि सारेको सरकारी विज्ञापन नीतिका विरुद्ध नेपाल पत्रकार महासङ्घ सिन्धुली शाखाले चरणबद्ध रूपमा आन्दोलन र विरोधका कार्यक्रमहरू सञ्चालन गरिरहेको बताउँदै वर्तमान सरकारलाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न/गराउन अनुरोध गर्नुभयो ।

विश्व प्रेस स्वतन्त्र दिवसको अवसरमा आयोजित सो कार्यक्रममा रास्वपाको नेतृत्व सरकारले पनि संविधानमा भएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, जनताको मौलिक हकको प्रत्याभूति र रक्षाका गर्नका ऐक्यबद्धता जाहेर गरिएको थियो ।

जिल्लास्थित विभिन्न स्थानीय तथा राष्ट्रिय मिडियाका सञ्चारकर्मीहरू सहभागी सो कार्यक्रममा नेपालमा पत्रकारविरुद्ध भएका विभिन्न अपराध र दण्डहीनता, सञ्चारमाध्यमको आर्थिक अवस्थामा गिरावट, पत्रकारको पेसागत र भौतिक सुरक्षा जोखिम बन्दै गएको जनाइएको छ ।

# वागीश्वरीमा नवनियुक्त सहायक प्रधानाध्यापक श्रेष्ठको स्वागत तथा बधाई कार्यक्रम

भक्तपुर, २० वैशाख । वागीश्वरी माध्यमिक विद्यालयमा नवनियुक्त सहायक प्रधानाध्यापकको स्वागत तथा बधाई कार्यक्रम आइतबार सम्पन्न भयो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिका वडा नम्बर ९ का वडा अध्यक्ष रवीन्द्र ज्याख्वले विद्यालय भनेको भौतिक संरचना मात्र होइन यो विद्यार्थीहरूले गुणस्तरीय शिक्षा हासिल गर्ने एउटा मन्दिर हो भन्नुभयो ।




विद्यालयको भौतिक संरचनाको विकास र विभिन्न क्षेत्रको सहज व्यवस्थापनको लागि थप सहायक प्रधानाध्यापकको आवश्यकता महसुस गरी विद्यालयले दुईजना सहायक प्रधानाध्यापकको व्यवस्था गरेको उल्लेख गर्दै उहाँले शैक्षिक क्षेत्रमा पुऱ्याएको योगदानको बारेमा विभिन्न ठाउँबाट सकारात्मक मूल्याङ्कन भइरहेको बताउनुभयो ।

हरेक समय नयाँ सोच र नयाँ विचारका साथ शैक्षिक अभियानलाई निरन्तरता दिनुपर्नेमा जोड दिँदै उहाँले विद्यार्थीहरूको पढ्ने अधिकारलाई कुनै पनि पक्षले हनन गर्न नहुने बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका सदस्य एवं विद्यालयका पूर्वप्रधानाध्यापक मोहनप्रसाद प्रजापतिले वागीश्वरीको भौतिक संरचना तयार गर्नको लागि विगतमा शिक्षकहरूले आफ्नो व्यक्तिगत सञ्चयकोषको रकम धितो राखी ऋण लिन सहयोग गरेको कुरा स्मरण गर्दै विद्यालयको विकास र प्रगतिको लागि शिक्षकहरू सहयोगी भएको बताउनुभयो ।

विद्यालयले प्ले ग्रुपदेखि पीएचडीसम्मको अवधारणालाई आत्मसात गरी अगाडि बढिरहेको उल्लेख गर्दै उहाँले वागीश्वरी कलेजले क्यूएए प्राप्त गरी विभिन्न सङ्कायहरूको सम्बन्धन लिई विद्यार्थीहरूलाई अध्ययन गर्ने अवसर प्रदान गरेको बताउनुभयो ।

कार्यक्रमका सभापति एवं विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले विद्यालयले नगरपालिकाको निर्देशनअनुसार शैक्षिक सत्रको सुरूवात गरी विद्यालय सञ्चालन गरेको उल्लेख गर्दै नवनियुक्त सहायक प्रध्यापक ज्ञानेन्द्र श्रेष्ठलाई स्वागत गर्दै बधाई दिनुभएको थियो ।

नवनियुक्त सहायक प्रधानाध्यापक ज्ञानेन्द्र श्रेष्ठले जिम्मेवारीले हरेक व्यक्तिलाई उत्तरदायी बनाउने बताउनुभयो ।

उहाँले एक व्यक्तिले केही गर्न नसक्ने स्पष्ट पार्दै उहाँले समग्र पक्षको सकारात्मक सहयोगले अपेक्षित लक्ष्य हासिल गर्न गाऱ्हो नहुने बताउनुभयो ।

कार्यक्रममा सहायक प्रधानाध्यापक उकेस सुवाल र शिक्षक राजन लाखाले पनि बोल्नुभएको थियो ।

# सामूहिक साकोसको तेस्रो त्रैमासिक समीक्षा बैठक



भक्तपुर, २० वैशाख । सामूहिक साकोसका अध्यक्ष राजाभाइ भेलेको सभापतित्वमा आ.व २०८२/०८३ को तेस्रो त्रैमासिक समीक्षा बैठक आइतबार संस्थाको सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष कृष्णहरि सैँजुले संस्थाको कारोबार वास्तविक र पारदर्शी हुनुपर्ने एवम् जोखिम ऋण सुरक्षण कोषलाई बलियो बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

संस्थाका सचिव सञ्जय जोन्छेले पछिल्लो समयमा सरकारले जारी गरेको नीति निर्देशनबमोजिम संस्थाको पनि नीति नियमहरू संशोधन गर्दै जानुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा संस्थाका व्यवस्थापक रवीन्द्र घिमिरेले रु. ८० करोड ६१ लाख बराबरको कुल कारोबारको जानकारीसहित आर्थिक तथा प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो भने ऋण अधिकृत विन्द्रा नायभाले ऋण लगानी तथा असुलीका विषयमा प्रस्तुतीकरण गर्नुभयो ।

संस्थाका सञ्चालक तथा ऋण उपसमितिका संयोजक राधेश्याम दुवालले अध्यादेश तथा त्यसमा उल्लेखित महत्त्वपूर्ण बुँदाहरूबारे बताउनुभयो ।

संस्थाका व्यवस्थापक रवीन्द्र घिमिरेबाट सञ्चालन गरिएको उक्त कार्यक्रममा संस्थाका विभिन्न समिति उपसमितिका पदाधिकारी र कर्मचारीहरूको सहभागिता थियो ।

# भर्ना शुल्कमा अनियमितताबारे स्थानीय सरकार र गृह मन्त्रालयसँग संवाद गर्दै शिक्षा मन्त्रालय

काठमाडौँ, २० वैशाख । सरकारले विद्यालय क्षेत्रको सुधारका लागि सङ्घ र स्थानीय तहबिचको समन्वयलाई प्रभावकारी बनाउने भएको छ । उक्त प्रयोजनका निम्ति शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रालयले विद्यार्थी भर्ना र शुल्क विवादका सम्बन्धमा स्थानीय सरकार एवं सरोकारवालासँग छलफल गर्न लागेको हो ।

सिंहदरबारस्थित मन्त्रालयमा सोमबार काठमाडौँ उपत्यकाका महानगरपालिकाका प्रमुखहरू तथा सरकारका उच्च अधिकारीसँग छलफल गर्न लागिएको मन्त्रालयले जनाएको छ । शैक्षिक सत्र प्रारम्भ हुने सङ्घारमा विद्यार्थी भर्ना र मापदण्डविपरीत शुल्कबारे देखिएको अन्यौलता,वार्षिक शैक्षिक क्यालेन्डर र आगामी रणनीति बनाउन छलफल आयोजना गरिएको हो । विद्यार्थी भर्ना शुल्कमा अनियमितता र निजी विद्यालयबाट भइरहेको पछिल्लो गतिविधिलगायत विषयमा छलफल गरी अगाडिको बाटो पहिल्याउन जनप्रतिनिधिलाई एकै ठाउँमा बोलाइएको छ ।

सरकारका प्रवक्तासमेत रहनुभएका शिक्षामन्त्री सस्मित पोखरेलको उपस्थितिमा हुने छलफलमा काठमाडौँ महानगरपालिकाका कार्यवाहक नगर प्रमुख सुनिता डंगोल, ललितपुर महानगरपालिकाका नगर प्रमुख चिरिबाबु महर्जन, नेपाल नगरपालिका सङ्घका अध्यक्ष र गाउँपालिका राष्ट्रिय महासङ्घका अध्यक्ष सहभागी हुनुहुनेछ भने गृहमन्त्रालय र शिक्षा मन्त्रालयका उच्च अधिकारीको उपस्थिति रहनेछ ।

केही संस्थागत विद्यालयहरूले कानुन विपरीत शैक्षिक सत्र २०८३ प्रारम्भ हुनु पूर्व नै विद्यार्थी भर्ना गर्ने र स्वीकृत मापदण्डभन्दा बढी शुल्क लिएको गुनासो बढेपछि गैरकानुनी रूपमा सङ्कलन गरिएको शुल्क फिर्ता गर्न मन्त्रालयले हालै निर्देशन दिएको थियो ।

सङ्घीय सरकारले विद्यालयहरूलाई वैशाख १५ बाट विद्यालय भर्ना थाल्न र वैशाख २१ गतेबाट पठनपाठन सुरु गराउन निर्देशन दिएको थियो । तर, काठमाडौँ उपत्यकाका स्थानीय तहहरूले वैशाख ११ गतेदेखि नयाँ भर्ना अभियान सुरु गर्न र वैशाख १५ गतेदेखि नियमित रूपमा पठनपाठन सञ्चालन गराउन निर्देशन दिएका थिए ।

*द्वन्द्व...*

संयुक्त राज्य अमेरिकाले तेहरानसहितका विभिन्न सहरहरूमा संयुक्त आक्रमण गरेका थिए, जसमा इरानका तत्कालीन सर्वोच्च नेता अली खामेनी, उच्च सैनिक कमान्डर तथा सर्वसाधारण नागरिकहरूको ज्यान गएको थियो । त्यसको जवाफमा इरानले इजरायल र अमेरिकी स्वार्थ केन्द्रित क्षेत्रमा क्षेप्यास्त्र तथा ड्रोन आक्रमण गरेको थियो ।

अप्रिल ८ मा युद्धविराम लागू गरिएको भए पनि त्यसपछि इस्लामाबादमा इरानी र अमेरिकी प्रतिनिधिमण्डलबिच भएको वार्ता कुनै सहमतिमा पुग्न सकेन । इरानको सरकारी समाचार संस्थाले जनाएअनुसार इरानले नयाँ वार्ता प्रस्ताव पाकिस्तानमार्फत अगाडि बढाएको छ ।

# स्थानान्तरण प्रक्रियामा छुटेका नागरिकलाई सम्पर्कमा आउन आग्रह

काठमाडौँ, २० वैशाख । सहरी विकास मन्त्रालयले काठमाडौँको वाग्मती र सहायक नदी किनारका जोखिमयुक्त बस्ती स्थानान्तरण प्रक्रियामा छुटेका नागरिकलाई यथाशीघ्र सम्पर्कमा आउन आग्रह गरेको छ ।

मन्त्रालयले सहायता आवश्यक भएका तथा हाल सडकमा अलमल परेका नागरिकलाई प्राथमिक दर्ता केन्द्रका रूपमा तोकिएको त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा उपस्थित भई दर्ता गर्न अनुरोध गरेको हो ।

"वास्तविक भूमिहीन नागरिकको 'डिजिटल' लगत सङ्कलन गरी 'होल्डिङ सेन्टर' मार्फत व्यवस्थित व्यवस्थापन गर्ने प्रबन्ध मिलाइएको छ । नागरिकलाई आवास, भोजन, स्वास्थ्य सेवा, बालबालिकाको शिक्षा तथा मनोवैज्ञानिक परामर्शलगायत आधारभूत सुविधा उपलब्ध गराइनेछ," सहरी विकास मन्त्रालयद्वारा जारी प्रेस नोटमा भनिएको छ ।

वास्तविक भूमिहीन तथा आर्थिक रूपमा कमजोर नागरिकलाई दर्ता केन्द्रमा उपस्थित भई सरकारद्वारा प्रदान गरिएका सेवा सुविधा उपयोग गर्नसमेत मन्त्रालयले आग्रह गरेको छ । नागरिकको सुरक्षित, व्यवस्थित तथा दीर्घकालीन पुन:स्थापनामा सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको पनि मन्त्रालयल स्पष्ट पारेको छ । ***रासस***

## सङ्क्षिप्त समाचार

# नियुक्ति खारेज भएका संस्था अब कसरी चल्छन् ?

काठमाडौँ, २० वैशाख । सरकारले नियुक्ति खारेज भएका ठाउँमा काम नरोक्न सम्बन्धित मन्त्रालयका सहसचिव वा सोही संस्थाका वरिष्ठ कर्मचारीलाई निमित्त वा कामु प्रमुखको जिम्मेवारी दिने भएको छ ।

प्रधानमन्त्री बालेन साहका प्रेस विज्ञ दीपा दाहालले उक्त जानकारी दिनुभएको हो ।

अब सम्बन्धित ऐनअनुसार नै नयाँ नियुक्तिहरू खुला प्रतिस्पर्धा र योग्यताका आधारमा गर्ने गरी योजना बनिरहेको उहाँले बताउनुभयो ।

प्रधानमन्त्री बालेन साह नेतृत्वको सरकारले अध्यादेश ल्याएर यसअघि राजनीतिक नियुक्ति लिएका १५९४ जनालाई पदमुक्त गरेको हो ।

सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले 'सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश २०८३' जारी गरेसँगै विभिन्न बोर्ड, समिति र संस्थानहरूमा राजनीतिक नियुक्ति पाएका १,५९४ जना पदाधिकारी एकमुष्ट पदमुक्त भएको दाहालले बताउनुभयो ।

कतिपय निकायको पदाधिकारीका हकमा केही प्राविधिक कारण वा पद रिक्तताले गर्दा सूचीमा नाम नदेखिएको दाहालको भनाइ छ ।

"चाँडै राजपत्रमा प्रकाशित भइसकेपछि सम्बन्धित व्यक्तिलाई पदमुक्त भएकोबारे औपचारिक रूपमा पत्र पठाइने छ," उहाँले भन्नुभयो ।

# स्रोत नखुलेको रु. २७ लाखसहित दुई पक्राउ

मोरङ, २० वैशाख । स्रोत नखुलेको रु. २६ लाख ९८ हजारसहित एक भारतीय नागरिकसहित दुई जनालाई पक्राउ गरिएको छ ।

शनिबार काठमाडौँ जान लागेका अवस्थामा विराटनगर विमानस्थलबाट भारतको माल्दा जिल्ला सुजागञ्ज सिन्धा चन्चलाका ३६ वर्षीय मोहिदिल अलीलाई रु. १५ लाख ९८ हजारसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयकी प्रहरी नायब उपरीक्षक कोपिला चुँडालले जानकारी दिनुभयो ।

त्यसअघि शुक्रबार धरान उपमहानगरपालिका-१८ का ३५ वर्षीय दिलीप तामाङलाई सोही विमानस्थलबाट स्रोत नखुलेको रु. ११ लाखसहित पक्राउ गरिएको उहाँले बताउनुभयो । ***रासस***

# काँकरभिट्टा नाकाबाट १६ अर्ब ८१ करोडको पेट्रोलियम पदार्थ आयात

भद्रपुर (झापा), २० वैशाख । चालू आर्थिक वर्ष २०८२/८३ को चैत मसान्तसम्म पूर्वीनाका काँकरभिट्टाबाट रु. १६ अर्ब ८१ करोड ३६ लाख ३० हजारको पेट्रोलियम पदार्थ आयात भएको छ ।

मेची भन्सार कार्यालयका सूचना अधिकारी तथा भन्सार अधिकृत ईश्वरकुमार हुमागाईंका अनुसार सो अवधिमा पेट्रोल, डिजेल, एलपी ग्यास, एटीएफ, कोइलालगायत वस्तु आयात भएका छन् । पेट्रोलियम पदार्थ आयातबाट चालू आवको नौ महिनामा रु. सात अर्ब ४४ करोड ७८ लाख १८ हजार राजस्व सङ्कलन भएको उहाँले जानकारी दिनुभयो ।

कार्यालयको तथ्याङ्कअनुसार उक्त अवधिमा रु. सात अर्ब ७५ करोड ९४ लाख मूल्य बराबरको ८३ हजार ४४८ किलोलिटर पेट्रोल आयात भएको छ । त्यसैगरी, रु. पाँच अर्ब ८७ करोड १८ लाख मूल्य बराबरको ५५ हजार २४ किलोलिटर डिजेल आयात भएको छ ।

त्यसैगरी, रु. एक अर्ब ९० करोड ५९ लाख मूल्य बराबरको १९ हजार १३६.६९३ मेट्रिक टन एलपी ग्यास, रु. ५७ करोड ५१ लाख मूल्य बराबरको पाँच हजार ९८८ किलोलिटर एटीएफ तथा रु. ७० करोड १२ लाख मूल्य बराबरको ३४ हजार ५२४.४९० मेट्रिक टन कोइला आयात भएको सूचना अधिकारी हुमागाईंले बताउनुभयो । ***रासस***

# भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमार्फत वास्तविक सुकुमवासीको परीक्षण सुरु

काठमाडौँ, २० वैशाख । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले भू-अभिलेख सूचना व्यवस्थापन प्रणालीमार्फत वास्तविक सुकुमवासीको परीक्षण सुरु गरेको छ ।

दाबी गरिएका सुकुमवासीका नाममा सरकारी अभिलेखमा देशका कुनै पनि स्थानमा जग्गा भए/नभएको पत्ता लगाउन उक्त प्रणालीबाट परीक्षण सुरु गरिएको मन्त्रालयका सहसचिव एवं प्रवक्ता गणेशप्रसाद भट्टले जानकारी दिनुभयो । विभिन्न नीतिनियम र विधिका साथै विद्युतीय माध्यमबाट पारदर्शी, प्रभावकारी र मितव्ययी रूपमा परीक्षण कार्य अगाडि बढाइएको उहाँले बताउनुभयो ।

मन्त्रालयअन्तर्गत एक सय १० वटा मालपोत र २१ वटा भूमिसुधार तथा मालपोत कार्यालय रहेका छन् ।

मन्त्रालयले भूमिसम्बन्धी सेवा स्थानीय तहबाट उपलब्ध गराउन आवश्यक कर्मचारी, प्राविधिक जनशक्ति, व्यावसायिक सीप, प्रविधि र अन्य स्रोतबारे जानकारी गराउन सात सय ५३ वटै स्थानीय तहलाई पत्राचार गरेको जनाइएको छ । प्राथमिकताका आधारमा मन्त्रालय मातहतका निकायले ती स्थानीय तहलाई तालिम, प्रशिक्षण तथा सीप विकासका कार्यक्रम सञ्चालन गर्ने र उनीहरूलाई जिम्मेवारी हस्तान्तरण गर्ने जनाइएको छ । ***रासस***



***सीता गुफा***

*कास्कीको पोखरा महानगरपालिका-३२ चैनपुरस्थित धार्मिक एवम् ऐतिहासिक महत्त्वको सीता गुफा । यस गुफालाई धार्मिक पर्यटकीय गन्तव्य बनाउनका लागि महानगरको गौरवको आयोजनाका रुपमा अघि बढाउन पोखरा महानगरपालिका-३२ वडा कार्यालयमार्फत पहल बढाइएको छ । तस्बिर : वासुदेव पौडेल/रासस*

# विद्युत् महसुल विवाद नसुल्झिए अख्तियार र महालेखा गुहार्ने तयारी

काठमाडौँ, २० वैशाख । लामो समयदेखि विवादित बनेको डेडिकेटेड र ट्रङ्कलाइन विद्युत् महसुलका विषयमा वर्तमान सरकारले लिने निर्णयलाई सरोकारवालाले निकै चासोका साथ हेरेका छन् ।

पछिल्लो चार महिनायता उद्योगको विद्युत् बक्यौता असुलीमा खासै प्रगति भएको थिएन । तर, नयाँ सरकार बनेसँगै एक साताअघि नेपाल विद्युत् प्राधिकरणले बाँकी बक्यौता बुझाउन उद्योगहरूलाई पुनः पत्राचार गरेको छ ।

प्राधिकरणले ताकेता गरे पनि उद्योगीहरू भने अझै बक्यौताको किस्ता बुझाउन तयार देखिएका छैनन् । करिब १० वर्षदेखि बल्झिएको यो विवाद समाधान गरी साढे सात अर्ब रूपैयाँ बक्यौता उठाउने मुख्य जिम्मेवारी अब प्रधानमन्त्री बालेन्द्र साह र ऊर्जामन्त्री विराजभक्त श्रेष्ठको काँधमा आएको छ ।

दुईतिहाइ मत नजिकको सरकारले लोडसेडिङको समयमा उद्योगहरूले प्रयोग गरेको डेडिकेटेड र ट्रङ्कलाइन बापतको करिब साढे सात अर्ब रूपैयाँ विद्युत् बक्यौता असुली अहिले र कसरी उठाउँछ भन्ने विषय आम नागरिकले समेत चासोका साथ हेरिरहेका छन् ।

यहीबिचमा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले डेडिकेटेड र ट्रङ्कलाइनको बक्यौता विवाद सुल्झाउने स्वायत्तता नेपाल विद्युत् प्राधिकरणलाई दिएको जनाएको छ । ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले सबैले चासोका साथ हेरेको विषय विद्युत् बक्यौता उठाउने अधिकार र जिम्मेवारी विद्युत् प्राधिकरणकै भएको बताउनुभयो ।

उहाँले विवाद समाधान गरी बक्यौता रकम उठाने प्राधिकरणलाई स्वायत्त रूपमा अधिकार दिने नीति मन्त्रालयको रहेको बताउनुभयो । उहाँले त्यहाँबाट विवाद समाधान हुन नसके महालेखा परीक्षक र अख्तियार दुरूपयोग अनुसन्धान आयोगसँग मन्त्रालयले छलफल गरेर अघि बढ्ने तयारी रहेको बताउनुभयो ।

नेपाल विद्युत् प्राधिकरणलगायतका जिम्मेवार निकायहरूलाई स्वायत्तता दिने र काम नगरे जवाफदेही बनाउने नीति मन्त्रालयको रहेको उहाँको भनाइ छ । "हाम्रो मन्त्रालयअन्तर्गत नै १७ हजार जति राष्ट्रसेवक कर्मचारी कार्यरत छन् । तर किन काम भइरहेको छैन ? अब व्यक्तिवादी होइन, प्रणालीमा आधारित काम हुनुपर्छ," उहाँले भन्नुभयो ।

लोडसेडिङका बेला थप ६५ प्रतिशत प्रिमियम शुल्क तिर्ने गरी उद्योगहरूले २०७२ माघदेखि ०७५ वैशाखसम्मको अवधिमा प्रयोग गरेको विद्युत्को करिब साढे सात अर्ब बक्यौता तिर्न बाँकी छ । उक्त बक्यौताका विवाद लामो समयदेखि कायमै छ ।

२०७२ सालपछि बनेका कुनै पनि सरकारले उक्त विवाद समाधान गर्न सकेका छैनन् । तर, अन्तरिम सरकारका तत्कालीन ऊर्जामन्त्री कुलमान घिसिङले उद्योगीहरूलाई पहिलो किस्ता तिर्न बाध्य बनाएका थिए । तर, पहिलो किस्ता बुझाए पनि घिसिङ बाहिरिएसँगै बक्यौता असुली अन्योलमा नै थियो ।

तत्कालीन समयमा मुलुक चरम लोडसेडिङको मारमा थियो । सर्वसाधारण नागरिक १८ घण्टासम्म अँध्यारो राखेर प्राधिकरणले उद्योगधन्दाहरूलाई विद्युत् विशेष व्यवस्था गरेर विद्युत् दिएको थियो । प्राधिकरणले त्यो बेलामा उद्योगहरूलाई थप ६५ प्रतिशत प्रिमियम शुल्क तिर्ने सर्तमा उद्योगहरूलाई ट्रङ्कलाइनबाट २० घण्टा र डेडिकेटेड फिडरबाट २४ घण्टासम्म निरन्तर विद्युत् उपलब्ध गराएको थियो ।

यो सुविधा लिने ग्राहकको सङ्ख्या दुई सय ५० भन्दा बढी थियो । २०७२ माघदेखि २०७५ वैशाखसम्मको अवधिमा ती उद्योगहरूले प्रयोग गरेको विद्युत्को प्रिमियम शुल्कबापतको रकम नै अहिले साढे सात अर्ब पुगेको हो ।

विभिन्न आधारमा उद्योगहरूसँग प्राधिकरणले महसुल उठाउन विगतमा समेत बारम्बार ताकेता गरेको थियो । अहिले पनि गरिरहेको जनाएको छ । त्यति मात्रै नभएर व्यवसायीहरूले माग गरेअनुरूप पुनवरलोकनमा जाने बाटोसमेत खुलेको छ ।

प्राधिकरणले उद्योगीहरूलाई २८ किस्तामा रकम तिर्ने सुविधासहित २ कार्तिकसम्मको समय दिएको थियो । तर उक्त समयसीमाभित्र ३१ मध्ये केबल ६ उद्योगले मात्र प्रक्रियामा चासो देखाए, जोसँग पहिले नै अदालतको अन्तरिम आदेश थियो । बाँकी २५ उद्योगको लाइन प्राधिकरणले काटिदिएको थियो ।

लाइन काटिएपछि उद्योगी र सरकारबिच पुनः खिचातानी सुरु भयो । कार्तिक १७ गते तत्कालीन प्रधानमन्त्री सुशीला कार्की, ऊर्जामन्त्री कुलमान घिसिङ र नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालबिच एउटा सहमति भएको थियो ।

जसमा उद्योगीले पहिलो किस्ता तिर्ने र सरकारले न्यायिक प्रक्रिया अघि बढाउने उल्लेख छ । तर उद्योगीहरूले सो पहिलो किस्तालाई धरौटी मात्र मान्ने दाबी गरे र दोस्रो किस्ता तिर्न आएनन् । फलस्वरूप, मङ्सिरदेखि यो असुली प्रक्रिया रोकिएको थियो । अहिले प्राधिकरणले पुनः उद्योगहरूलाई बक्यौता बाँकी रकम बुझाउन पत्राचार गर्दै ताकेता गरिरहेका छन् ।

प्राधिकरणको तथ्याङ्कअनुसार २०७२ माघदेखि २०७५ वैशाखसम्मको अवधिमा कुल ५८ वटा उद्योग बक्यौता तिर्नुपर्ने सूचीमा थिए । ५८ मध्ये केवल १२ उद्योगले मात्र आफ्नो सम्पूर्ण बक्यौता चुक्ता गरेका छन् । दुईवटा सरकारी स्वामित्वका उद्योगले बक्यौता तिर्ने लिखित प्रतिबद्धता जनाएका छन् ।

# गाउँमै चिस्यान केन्द्र सञ्चालन भएपछि कृषक उत्साहित

पर्वत, २० वैशाख । पर्वतको मोदीमा जिल्लामै पहिलोपटक चिस्यान केन्द्र सञ्चालन गरिएको छ ।

गण्डकी प्रदेश सरकारको आर्थिक सहयोग र मोदी गाउँपालिकाको साझेदारीमा गाउँपालिकाको वडा नं ६ तिलाहारस्थित पहरेमा चिस्यान केन्द्र निर्माण गरिएको हो । निर्माण भएको करिब एक वर्षको यान्त्रिक परीक्षणपछि आइतबारदेखि केन्द्र सञ्चालनमा ल्याइएको हो । चिस्यान केन्द्र सञ्चालनमा आएसँगै कृषकले कृषिउपज भण्डारण गर्न थालेको मोदी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम पुरीले जानकारी दिनुभयो ।

उपभोक्ता समितिमार्फत रु. ३३ लाखको लागतमा चिस्यान केन्द्र निर्माण गरिएको हो । तीस मेट्रिकटन क्षमता रहेको चिस्यान चालू आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म निःशुल्क रूपमा भण्डारण गर्ने सुविधा दिइएको मोदी गाउँपालिका वडा नं ६ का वडाध्यक्ष दीपेन्द्रजङ्ग लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकाभित्रका कृषकलाई कृषिउपज सङ्कलन तथा भण्डारणका लागि पहिलो प्राथमिकता दिइने भएको छ भने क्षमता र आवश्यकताका आधारमा अन्य क्षेत्रका कृषकले उपभोग गर्न पाउने भएका छन् ।

कृषिउपज भण्डारणका लागि आवश्यक कागजातअन्तर्गत व्यक्तिगत किसानले निवेदन र नागरिकताको प्रतिलिपि पेस गर्नुपर्नेछ भने संस्था वा समूहले दर्ता प्रमाणपत्र, निर्णय र निवेदन पेस गर्नुपर्ने व्यवस्था गरिएको लामिछानेले जानकारी दिनुभयो ।

कुनै पनि कृषिउपज भण्डारण गर्नुअघि राम्रोसँग सुकाइएको, रोगकिरा नलागेको, काटिएको वा नसडेको मात्र भण्डारण गर्न आग्रह गरिएको छ । यतिबेला आलुको सिजन भएकाले आलुलाई साइजअनुसार छुट्याएर जालीदार बोरा वा जुटको बोरा प्रयोग गरी प्याकिङ गरेर भण्डारण गर्न कृषकलाई आग्रह गरिएको वडाध्यक्ष लामिछानेले जानकारी दिनुभयो । उहाँका अनुसार जुनसुकै कृषिउपजका लागि प्लास्टिकका बोरा प्रयोग गर्न भने पूर्ण रूपमा निषेध गरिएको छ ।

साथै जलजला गाउँपालिकाले झण्डै रु. एक करोडको लागतमा वडा नं ८ खनियाँघाटमा चिस्यान केन्द्र निर्माण गरेको छ । परीक्षणका क्रममा रहेको र केही महिनाभित्र सञ्चालनको तयारी भइरहेको जलजला गाउँपालिकाका अध्यक्ष राजुप्रसाद आचार्यले जानकारी दिनुभयो । ***रासस***

। सम्पादकीय ।

# विदेशमा सम्पत्ति राख्न नपाउने व्यवस्था गरियोस्

विदेशमा सम्पत्ति राख्न नपाउने, सम्पत्तिको सीमाङ्कन गर्नुपर्ने विषय पहिलेदेखि उठेको हो । संविधानसभाको निर्वाचनताका पनि संविधानमै विदेशमा सम्पत्ति राख्न नपाउने, पदको दुरूपयोग गरी कमाइएको अकुत या अवैध सम्पत्ति राष्ट्रियकरण गर्नुपर्ने विषय नेमकिपाले उठाएकै हो । देशको सम्पत्ति या राज्यकोषमा रजाइँ गर्ने, अनावश्यक मान्छे राखेर देशको सम्पत्तिमा आँखा गाड्ने र उद्योग-कारखाना डुबाएर आफू धनाढ्य बन्ने कारखाना सञ्चालनका प्रबन्धकहरूको सम्पत्ति छानबिन गर्नुपर्ने विषय पनि त्यतिबेलै उठेको हो । उच्चपदस्थ व्यक्तिहरूको सम्पत्ति छानबिन गरेर अवैध ठहरिएको सम्पत्ति राष्ट्रियकरण गर्ने प्रावधान त्यतिबेलै भएको भए देशमा अवैध सम्पत्ति आर्जन गर्ने व्यक्तिहरू धेरै हदसम्म नियन्त्रण भइसके होला ।

शक्ति र सत्ताको रजगज गरी अकुत सम्पत्ति कमाएकाहरूको सम्पत्ति छानबिन गर्नैपर्ने हो; छानबिनमा अवैध ठहरिएको पैसा सरकारले जफत या राष्ट्रियकरण गर्नुपर्ने हो । सम्पत्ति छानबिन गर्न गठित आयोगले समयमै सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति राष्ट्रियकरण या समुदायको निम्ति हस्तान्तरण गर्नुपर्छ । वैशाख २० गतेको अन्नपूर्ण पोस्टमा लेखियो, 'सम्पत्ति छानबिन: विदेशका खाता पनि खोतलिने' । नयाँ पत्रिकामा लेखियो, 'अवैध सम्पत्ति थुपार्नेमाथि सरकारको निर्णायक प्रहार' । राज्यसत्ताको शिखरदेखि प्रशासनयन्त्रको तल्लो तहसम्म फैलिएको अवैध सम्पत्ति छानबिन गर्ने बाटो खोल्यो भनेर सरकार मौन बस्ने होइन । सरकारले प्रक्रिया अघि बढाउनुपर्छ । सरकारले स्वदेशमा मात्र होइन विदेशमा थन्काइएका र लुकाइएका सम्पत्तिको पनि छानबिनको घेरामा राख्नुपर्छ ।

उच्चस्तरीय सम्पत्ति छानबिन आयोगले विदेशमा लुकाइएको सम्पत्ति खाता, लगानी र आफन्तका नाउँमा राखिएका सम्पत्तिसमेत छानबिनको दायरामा ल्याइने प्रावधानलाई कार्यान्वयन गर्न जरुरी छ । गठित आयोगले यसअघि नै पहिलो चरणमा आर्थिक वर्ष ०६२/०६३ देखि ०८२/०८३ को चैतसम्म सार्वजनिक पदमा बसेका राजनीतिक पदाधिकारी, उच्चपदस्थ कर्मचारी र दोस्रो चरणमा २०४८ देखि ०६१/०६२ सम्मको सम्पत्ति छानबिन गर्ने जनाएको हो । यो छानबिनको दायरा फराकिलो भएको हुँदा छानबिनको प्रक्रिया अघि बढाउन वर्ष दिनमा सकिएला र भन्ने प्रश्न पनि उठेको छ । प्राप्त समाचार स्रोतअनुसार २०६४ र २०७० सालमा निर्वाचित संविधानसभा सदस्यहरूसमेत छानबिन आयोगको निगरानीमा रहनेछन् ।

गैरकानुनी रूपमा आर्जित सम्पत्ति आफन्त, परिवार सदस्य नातेदार वा सम्बन्ध नै नपर्ने व्यक्तिको नाममा राखिएको भए पनि छानबिन गरिने छ । छानबिनको क्रममा स्रोत नखुलेको सम्पत्ति प्रमाणसहित भेटिएमा आयोगले सम्बन्धित निकायलाई थप अनुसन्धान र कानुनी कारबाहीको लागि सिफारिस गर्ने व्यवस्था गरिएको छ । छानबिनको क्रममा राज्यले पैतृक सम्पत्ति, वैधानिक आम्दानी, त्यसबाट बढेको लगानी तथा विदेशमा रहेको आर्थिक हैसियतसमेत अध्ययन गरेर सम्पत्तिको वास्तविक स्रोत यकिन गर्नुपर्ने हुन्छ । राजपत्रको प्रावधान भनेको स्रोत नखुलेको सम्पत्तिमाथिको कानुनी कारबाही हो । छानबिनमा कसैले अवैधानिक वा गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको तथ्य र प्रमाणबाट पुस्टि भएमा आयोगले त्यस सम्पत्तिको विस्तृत विवरण तयार गर्न सक्नेछ ।

छानबिन गर्न यसअघि नै सरकारले पूर्वन्यायाधीश राजेन्द्रप्रसाद भण्डारीको अध्यक्षतामा ५ सदस्यीय आयोग गठन गरिसकेको छ । सो समितिमा तत्कालीन पुनरावेदन अदालतका पूर्वमुख्य न्यायाधीश पुरुषोत्तम पराजुली, उच्च अदालतका पूर्वन्यायाधीश चण्डिराज ढकाल, पूर्वप्रहरी नायव महानिरीक्षक गणेश केसी र चार्टर्ड एकाउन्टेन्ट प्रकाश लम्साल रहनुभएको छ । समितिले कहिलेदेखि कोकोसँग सम्पत्ति छानबिन गर्ने हो ? जनतामाझ चर्चाको विषय बनेको छ । छानबिन समितिलाई एक वर्षको समय अवधि तोकिएको छ । जाँचबुझको काम सकिएपछि आयोगले आफ्नो रायसहितको प्रतिवेदन सरकारसमक्ष पेस गर्नेछ । प्रतिवेदन हस्तान्तरण गरेपछि ४५ दिनभित्र आवश्यक कारबाहीको प्रक्रिया अगाडि बढाउने कुरा प्रकाशमा आएको छ । अहिले अध्यादेशमार्फत सम्पत्ति शुद्धीकरण निवारण अध्यादेश पनि ल्याइएको छ । सरकारले लोकाचारको निम्ति छानबिनको प्रक्रिया मात्र अघि बढाउने हो कि अवैध सम्पत्ति पत्ता लगाएर कारबाहीको प्रक्रिया पनि अघि बढाउने हो ? त्यो भने हेर्न बाँकी छ ।

# 'श्रमिक' समाजवादको पक्षमा अविचलित

✍ लक्ष्मणराज जोशी

देश र जनतामा समर्पित विचारप्रधान 'श्रमिक' साप्ताहिकमा वर्ष २९, २०७८ माघ ११ देखि वर्ष ३०, २०८० माघ ९ गतेसम्म छापिएका दुई वर्षको सम्पादकीय सङ्कलन' तेस्रो खण्ड सार्वजनिकीकरण भएको छ ।

यसै कार्यक्रममा 'श्रमिक' साप्ताहिकको 'एकक्षण' स्तम्भमा प्रकाशित समसामयिक टिप्पणीको सङ्कलन पुस्तकाकारमा पनि सार्वजनिकीकरण भएको छ ।

यस हिसाबले आज दोहोरो खुसीको अवसर बनेको छ । यसको निम्ति प्रकाशन समितिका साथीहरूलाई साधुवाद छ ।

'सम्पादकीय सङ्कलन' मा समेटिएका १०३ वटा सम्पादकीयले तात्कालिक समयका जल्दोबल्दो विषयहरूबारे आफ्नो विचार र मत अभिव्यक्त गरेको छ । कतिपय सम्पादकीय आज पनि त्यतिकै सान्दर्भिक र सामयिक रहेका छन् ।

सम्पादकीयहरूले आफ्नो अभिमत सोझो, स्पष्ट र खरो भाषामा प्रकट गरेको छ, कतै कुरा चपाउने र दोधारे कुरा गरेको छैन । त्यसक्रममा असहमति, आलोचना र विरोधलाई देश र जनतालाई केन्द्रबिन्दुमा राखेर अडानका साथ व्यक्त गरेको छ । साथै, कतिपय सम्पादकीयहरूले नीति-निर्माताहरूलाई आफ्नो आस्थाअनुसार सल्लाह-सुझाव पनि दिएको छ ।

हामीलाई थाहा छ, कतिपयले रटान गरेजस्तो 'स्वतन्त्र' पत्रकारिता 'श्रमिक' ले गर्दैन । उसले प्रकाशनकै समयदेखि आफूलाई देश र जनतामा समर्पित आस्थाको पत्रकारिता गर्ने उद्घोष गरेको थियो ।

*आफ्नो आस्थाअनुसार यसले देश र जनताको हितलाई सर्वोपरि राखेको छ; मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारलाई आत्मसात गरेको छ । साम्राज्यवाद, विस्तारवाद, फासीवादलगायतका प्रतिक्रियावादको विरोध गर्दै समाजवादको पक्षलाई अविचलित रूपमा अङ्गालेको छ । छोटोमा, यसले नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र नीतिलाई मार्गदर्शन पाएको छ । यी तथ्यहरू सङ्कलनमा समेटिएका सम्पादकीयहरूको अध्ययन गर्दा जो कोही पाठकले सहजै अनुभूत गर्न सक्छन् ।*

आफ्नो आस्थाअनुसार यसले देश र जनताको हितलाई सर्वोपरि राखेको छ; मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधारलाई आत्मसात गरेको छ । साम्राज्यवाद, विस्तारवाद, फासीवादलगायतका प्रतिक्रियावादको विरोध गर्दै समाजवादको पक्षलाई अविचलित रूपमा अङ्गालेको छ ।




छोटोमा, यसले नेपाल मजदुर किसान पार्टीको सिद्धान्त र नीतिलाई मार्गदर्शन पाएको छ । यी तथ्यहरू सङ्कलनमा समेटिएका सम्पादकीयहरूको अध्ययन गर्दा जो कोही पाठकले सहजै अनुभूत गर्न सक्छन् ।

हामी प्राय: सुन्छौँ पत्रकारिता निष्पक्ष हुनुपर्छ, न्याय निष्पक्ष हुनुपर्छ भन्ने पनि त्यत्तिकै सुन्छौँ । वर्गीय समाज र वर्गीय राजनीतिमा निष्पक्ष सम्भव हुँदैन । पत्रकारितामा पीत पत्रकारिता गरिएन भने समाचार निष्पक्ष हुन सक्छ तर विचार निष्पक्ष हुँदैन । न्याय पनि सुनुवाइ निष्पक्ष हुन सक्छ तर फैसला वा निर्णय निष्पक्ष हुँदैन । सत्य र असत्य, पीडक र पीडितबिचको भिडन्त वा मुद्दा मिलापत्र भएन भने सत्य पीडित वा असत्य र पीडकमध्ये एकको पक्षमा फैसला दिइन्छ । निष्पक्ष अर्थात् कुनै पक्ष नलिएको शब्दको अर्थ सत्यको पक्ष भन्न मिल्दैन जस्तो लाग्छ । सारमा न्याय वा फैसलाको व्यहोराले सत्यको पक्ष लियो कि असत्यको भन्ने स्पष्ट हुन्छ ।

त्यस्तै, 'श्रमिक' साप्ताहिकका सम्पादकीयहरूलाई पढ्दै जाँदा निष्पक्ष भन्न सकिँदैन । आस्थाको झन्डा फहराइरहेको 'श्रमिक' का सम्पादकीयहरूले जानाजानी र हाकाहाकी सत्य र न्यायको, समाजवाद र कम्युनिस्ट आन्दोलनको, राष्ट्रिय र अन्तर्राष्ट्रिय मजदुर किसान, मुक्ति र स्वतन्त्रतालगायतका आन्दोलनको पक्ष लिएको छ । अन्यायी-अत्याचारी, भ्रष्टहरूलगायतको विरोध गर्दै राजनीतिमा सिद्धान्तहीन र हिउँमा चिप्लेटी खेल्नेहरूलाई खबरदारी गरेको छ । यसमा तलमाथि पऱ्यो भने उद्घोष गरेको आस्थाको पत्रकारिता धरापमा पर्छ । तर, सङ्कलित सम्पादकीयहरूले आफ्नो आस्था, निष्ठा र समर्पणमा खोट लगाउने ठाउँ दिएको छैन ।

*(वैशाख १९ गते आयोजित 'सम्पादकीय सङ्कलन' (तेस्रो खण्ड) र समसामयिक टिप्पणी सङ्कलन 'एकक्षण' पुस्तक सार्वजनिकीकरण कार्यक्रममा व्यक्त मन्तव्यको सार सङ्क्षेप)*

# देशभक्त हुनुपर्ने शिक्षक पनि स्वार्थी !

✍ एक अभिभावक

देशमा बहुदलीय व्यवस्था आउनुअघि निरङ्कुश राजतन्त्र या पञ्चायती व्यवस्थाको राज थियो । राजाको नाउँमा राजपरिवार र त्यसका आसेपासे, पञ्च गुण्डाहरूले देशमा रजाइँ गर्न राज्यले जनतामाथि निरङ्कुश लाडेको थियो । पञ्चायती शासकहरूले जनतालाई अन्याय, अत्याचार र दमन गर्थे । पञ्चायती व्यवस्था र त्यसका आसेपासेहरूको लुटको विरोध गर्न पाइँदैनथ्यो । सङ्गठन खोल्न पाइँदैनथ्यो । दलहरू प्रतिबन्धित थिए । त्यसको विरोधमा त्यसबेलाका कम्युनिस्ट, काङ्ग्रेस भनिएका दलहरू भित्रभित्रै लागेका थिए । ती दलले आफ्ना शिक्षक सङ्गठनमार्फत शिक्षकहरूलाई प्रशिक्षण दिन्थे, सचेत र सङ्गठित पार्थे । ती शिक्षकहरूले गाउँ, ठाउँमा गएर गुप्तरूपमा जनतालाई सचेत पार्ने काम गरेका थिए । त्यसैले त्यसबेलाका शिक्षकहरू नि:स्वार्थी र देशभक्त थिए । उनीहरू दु:ख-सुख, भोक-प्यास नभनिकन देश र जनताको रक्षा गर्न जनताको बिचमा जान्थे । त्यसको परिणाम जनआन्दोलनले पञ्चायती व्यवस्था ढल्यो, प्रजातन्त्र आयो ।

२०४६ सालमा क्रान्तिकारी शिक्षकहरूको सहयोग र आन्दोलनले प्रजातन्त्र प्राप्त भयो । शिक्षकलाई पञ्चायतको विरुद्धमा लड्ने, सिद्धान्तअनुसार देश र जनताको हितमा सङ्घर्ष गर्न सिकाउने, प्रशिक्षण दिने दलहरू सरकारमा पुगे । देश विकासको नाममा खुला गरेपछि बारीमा साँढे पसेजस्तै ती दलहरूमा साम्राज्यवादी, पुँजीवादी, विस्तारवादी देशका एनजीओ, आइएनजीओहरू विभिन्न सहयोग र विकासका नाममा पसे । ती काङ्ग्रेस र कम्युनिस्ट भनिएका दलहरू सरकारमा पुगेपछि उनीहरूले शिक्षक र विद्यार्थीहरूको आन्दोलन, सङ्घर्षको आवश्यकता देखेनन् । ती गैरसरकारी संस्थाहरू शिक्षक, विद्यार्थी सङ्गठनहरूमा पनि पसे ।

देशमा कम्युनिस्ट प्रभाव बढेको र राम्रो भएको हुँदा त्यसलाई खतम गर्न शिक्षक, विद्यार्थीले राजनीति गर्नु हुँदैन; शिक्षकले पढाउने हो, विद्यार्थीले पढ्ने हो र राजनीति गर्ने होइन भन्ने भाष्य निर्माण गरिदिए । त्यसैको परिणाम भदौ २३ र २४ गतेको उपद्रव हो । यदि शिक्षक सङ्गठन, विद्यार्थी सङ्गठनलाई सिद्धान्त र विचारअनुसार देश र जनताको नि:स्वार्थ सेवामा, देशको निर्माण र रक्षामा गतिविधि गराइएको भए, सचेत र सङ्गठित गराइएको भए उनीहरू त्यसरी सिकार हुने थिएनन् । देशको यो हालत हुने थिएन । ती गैरसरकारी संस्थाले काङ्ग्रेसभन्दा कम्युनिस्ट, त्यसका शिक्षक र विद्यार्थी सङ्गठनमा नेतृत्वमा बढी लगानी गरेको कारण देशले यो दुर्गति भोग्नुपऱ्यो । कम्युनिस्टको भागमा किन बढी एनजीओ, आइएनजीओ हाम्रो भागमा खोइ भनेर काङ्ग्रेसका शिक्षक, विद्यार्थी सङ्गठन, नेता, कार्यकर्ताहरू नेतृत्वसँग झगडा गरेको त्यसबेला बाहिर आएको थियो । देशको स्थायी सरकार भनिएको सुरक्षा निकाय र कर्मचारीहरूमा पनि यस्तै प्रश्न उठिरहेको छ ।

देशमा भदौ २३ र २४ गते उपद्रवमा देशको कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका र सुरक्षा निकाय, पालिकाहरूमाथि एकै पटक हमला हुनु, ध्वस्त पार्नुको पछाडि अमेरिका र भारतको हात रहेको कुरा पनि प्रस्ट हुँदै छ । यो सरकारमा आएका मन्त्री, सांसदहरू कुन कुन एनजीओ, आइएनजीओबाट परिचालित, पालित पोषित छन्; संलग्न छन्; उनीहरू कुन कुन देशबाट तयार भएर पठाएका हुन् अनि उनीहरूका अभिभावकहरूको पृष्ठभूमि र विगत हेर्दा थाहा हुन्छ । उनीहरू देशलाई आफ्नै खुट्टामा उभ्याउन, सुरक्षित राख्न पर्खाल लाउनुभन्दा पश्चिम, दक्षिणका साँढेहरूलाई खुलमखुला बारीमा होइन पुर्खाले लगाएको बलियो बार खोल्दै छन् । त्यस्ता साँढेहरू देशलाई परनिर्भर र ध्वस्त पार्न, विभिन्न विकास र सहयोगको नाममा पसिरहेका छन् ।

बालेन सरकारले इन्धनको खपत कम गर्ने नाममा देशका कर्णधार विद्यार्थीहरूको पठनपाठन एक दुई दिन होइन एक महिना पछाडि धकेलिदिएको छ । देशको हावापानीअनुसार सधैँ नयाँ वर्षको वैशाख १/२ गतेबाट पढाइ हुँदै आइरहेकोमा त्यसको बहानामा बालेन सरकारले प्रदेश, स्थानीय सरकारलाई अनि उनीहरूमार्फत भर्ना अभियान वैशाख १५ गतेबाट र पढाइ वैशाख २१ बाट सञ्चालन गर्ने उर्दी जारी गऱ्यो । देश र विद्यार्थीको भविष्यप्रति चिन्तित, जिम्मेवार, स्थानीय सरकारहरूले भने त्यो उर्दीलाई शिराधार्य गरेनन् । उनीहरूले संविधान, ऐन कानुनले दिएको अधिकारलाई प्रयोग गरेर वैशाख १/२ गतेदेखि नै पढाइ सञ्चालन गरे । केही देश र विद्यार्थीको भविष्यप्रति संवेदनशील, चिन्तित, जिम्मेवार नभएका स्थानीय सरकारहरूले भने चलाएनन् ।

तर, देशमा केही शिक्षक स्वार्थी र देशघाती देखिएका छन् । उनीहरूलाई देश र विद्यार्थीको भविष्यसँग कुनै मतलब छैन । उनीहरू मतलब गर्छन् त आफूले पाउने तलबलगायत अन्य सुविधा पाउन र बढाउन । उनीहरू आफ्नो कर्तव्यको होइन अधिकारको कुरामात्र उठाउँछन् । विद्यालय र विद्यार्थी जेसुकै होऊन् । उनीहरू भन्दै छन्; 'सरकारले दिएको सुविधा, अधिकार हामी जसरी पनि उपभोग गर्छौँ । त्यो हाम्रो अधिकार हो । त्यसलाई स्थानीय सरकार, विद्यालय, हेडसरले रोक्न पाउँदैनन् । हामी आइतबार र वैशाख २१ गतेसम्म विद्यालय आउँदैनौँ । आउने भए त्यसको क्षतिपूर्ति हामीलाई दिने हो कि होइन; त्यसो हो भने करोडौँ विद्यार्थीहरूको पढ्न पाउने अधिकारबाट बञ्चित भएका विद्यार्थी र त्यसको अभिभावकलाई पर्न गएको नोक्सानको क्षतिपूर्ति ती शिक्षकहरूले दिने हो कि होइन ? यदि शिक्षाप्रति जिम्मेवार देशभक्त सरकार हो भने त्यस्ता शिक्षकहरूलाई कारबाही गर्नुपर्छ । तलब सुविधा भने राज्यको खाने अनि आफ्ना सन्तान भने निजी विद्यालयमा राखेर राज्यको शैक्षिक संस्था ध्वस्त गर्न पाइन्छ ? त्यसैले शिक्षामन्त्रालयलगायत राज्यको तलब सुविधा खाने सबैको सन्तान राज्यको शैक्षिक संस्थामा पढाउनुपर्ने कानुन बनाएर देशको सन्तुलित शैक्षिक विकास गर्ने आँट सरकारले गर्नुपर्ऱ्यो ।

भियतनाम युद्धको समयमा पनि पढाइलाई नरोकेको इतिहासबाट पाठ सिकेर अगाडि बढेको खण्डमा देशको शैक्षिक अवस्था उँभो लाग्नेछ र देश बन्ने छ ।

# जर्मनीमा मजदुर आन्दोलन - ५

✍ का. रोहित

*बिदा, अब बिदा, सधैँ लडिरहने तिमी,*
*बिदा लौ, भिडन्त गरिरहने दलहरू*

*बारुदको धुवाँले कालो भएको लडाइँको मैदान,*
*भाला, बन्दुक र तरबारहरू तिमीलाई बिदा ।*

*बिदा भो, दाजु-भाइहरू, तर सधैँको निम्ति भने होइन,*
*हाम्रो उत्साहलाई तिनीहरूले दबाउन सक्दैनन् ।*
*हातहतियारहरू भिडाउँदै र सधैँ जस्तो बलियो भएर*
*एकदिन म फेरि फर्कने छु ।*

*शब्दले, खुकुरीले, डेन्युब र राइन नदीसँगै*
*दु:ख-कष्टको बेलामा सधैँ एक सच्चा साथी*
*गद्दी म्हास्ने मेरा जनताको म हुनेछु*
*एक लडाकु, गैरकानुनी, एक विद्रोही ।*

राइन प्रदेशमा प्रतिक्रान्तिकारी शक्ति बढ्दै थियो । तर, फ्रैङ्कफर्ट सभामा वामपन्थीहरूको धेरै प्रभाव थियो । प्रतिक्रियावादी र उदारवादीहरूले सभा बहिष्कार गरिसकेका थिए । तर, जर्मनीको दक्षिण र पश्चिमी भागका जनताले हतियार उठाइसकेका थिए । सेना हल्लिरहेको थियो । अस्ट्रिया भने हङ्गेरीको सङ्घर्षमा फसिरहेको थियो । प्रसियामा स्थिति अझै स्थिर थिएन । यदि फ्रैङ्कफर्ट सभाले गहकिलो पाइला चाल्यो भने स्थिति आफ्नै पक्षमा हुनसक्थ्यो ।

त्यसकारण, मार्क्स र एङ्गेल्सले फ्रैङ्कर्फट सभाका वामपन्थी प्रतिनिधिहरूलाई खुला विद्रोहको पक्ष लिन सल्लाह दिनुभयो । सबै ठाउँमा जनतालाई हातहतियार उठाउन आह्वान गर्न र सबै ठाउँको विद्रोही सशस्त्र शक्तिहरूलाई फ्रैङ्कफर्ट सभालाई सुरक्षा गर्न सूचना दिन सल्लाह दिनुभयो । राजा-महाराजा, मन्त्रीहरू र अरू प्रतिक्रियावादीहरूलाई गैरकानुनी घोषणा गर्न, गहकिलो र बलियो क्रान्तिकारी कार्य समिति बनाउन र किसानहरूलाई आफूतिर तान्न सामन्ती सेवाहरूलाई उन्मूलन गर्न सल्लाह दिनुभयो । सल्लाहलाई तिनीहरूले मानेका भए सारा जर्मनीमा एकैबाजी विद्रोह दन्किन्थ्यो । आफ्नो रक्षात्मक नीति छोडेर चर्को आक्रमक स्थितिमा पुग्दथ्यो ।

वाडेनले पनि सम्पूर्ण जर्मनीमा क्रान्तिकारी सङ्घर्ष छेड्नमा ठुलो काम गर्न सक्दथ्यो । कार्लसुन्हेमा सरकार बनाएको थियो । त्योसँग सेना, हातहतियार र पैसाको ढुकुटी थियो । तर, त्यस सरकारले कुनै खास काम गरिरहेको थिएन । त्यसकारण, मार्क्स र एङ्गेल्सले त्यहाँका सरकारका सदस्यहरूलाई भेट्नुभयो । उहाँले फ्रैङ्कफर्टतिर बढ्ने सल्लाह दिनुभयो । एङ्गेल्सले राम्रो योजना प्रस्तुत गर्नुभयो, वाडेनको चारैतिर विद्रोह गराउने, राम्रो र खास इलाका छानेर रक्षा र आक्रमण दुवै नीति लिने । त्यो गर्दा वाडेनको क्रान्तिकारी सेनाले जर्मन क्रान्तिकारी सङ्घर्षमा ठुलो काम गर्न सक्छ । वाडेन सेनालाई मुख्य बनाएर सङ्घर्षलाई फैलाउँदै उत्तरमा डार्मस्टाई, फ्रैङ्कफर्ट, नासांउ पुऱ्याउने र विर्टमवर्गमा प्रतिक्रान्तिकारी सेनालाई एक घातक मुक्का दिनेछ । उहाँले दक्षिण जर्मनीको सङ्घर्षलाई देशव्यापी सङ्घर्षमा बदल्न वाडेन र पालाटिनेट क्रान्तिकारी सेनालाई फ्रैङ्कफर्ट पठाउन सूचना दिन सभाका प्रतिनिधिहरूलाई भन्नुभयो । यसो हुनासाथै फ्रैङ्कफर्टस्थित फितलो सेना खतम हुनेछ र हेस-नास्वामा विद्रोह हुनेछ । प्रसिया र अस्ट्रियाले सेनालाई मैजमा सार्नु पर्दथ्यो । फ्रैङ्कफर्ट विजयले पूरै मुख्य उपत्यकामा विजय हुन्थ्यो ।

तर, फ्रैङ्कफर्ट सभाका प्रतिनिधिहरूले मार्क्स र एङ्गेल्सका गहकिला राजनैतिक र सैनिक योजनालाई स्वीकार गरेनन् । घटनाहरूलाई आफ्नै ढङ्गले विकास होस् भनेर छोडिदिए । तिनीहरूमा उत्साह, शक्ति, प्रखरता र अगुवाइपन थिएन । त्यसकारण, मार्क्स र एङ्गेल्स फ्रैङ्कफर्ट अर्थात् वाडेन पुग्नुभयो ।

वाडेनको कार्लसुहेमा सरकार बनाएको थियो । त्योसँग सेना, हातहतियार र पैसाको बन्दोबस्त थियो । वाडेनले पनि जर्मन क्रान्तिलाई अगाडि बढाउन ठुलो भूमिका खेल्न सक्थ्यो । तर, त्यहाँको सरकारले पनि कुनै खास काम गरिरहेको थिएन । मार्क्स र एङ्गेल्सले वाडेन आन्दोलनका नेताहरूलाई राष्ट्रियसभालाई प्रभाव पार्न फ्रैङ्कफर्टमा सेना पठाउन सल्लाह दिनुभयो । तर, आन्दोलनका स-साना पुँजीपति नेताहरूले मार्क्स र एङ्गेल्सका सल्लाहलाई अस्वीकार गरिदिए । यसकारण, मार्क्स र एङ्गेल्स वाडेन छोडेर पालाटिनेट पुग्नुभयो ।

पालाटिनेट प्रान्त राइनका दक्षिण र वाडेनको उत्तर-पश्चिममा पर्दछ । त्यहाँको आन्दोलन पनि पूरै स्थानीय र अलगिएको थियो । तर, त्यहाँको तल्लो पुँजीवादी सरकारमा कम्युनिस्ट लिगका एक सदस्य कार्ल द इस्टर पनि थिए । मार्क्स र एङ्गेल्सले कैलेर्स्लोटर्नमा अस्थायी सरकारका सदस्यहरूसँग कुराकानी गर्नुभयो । तर, वाडेनमा जस्तै कार्ल द इस्टरले आफ्ना अरू सदस्यहरूलाई मनाउन सकेनन् ।

उहाँहरू पालाटिनेटबाट विन्जेन (हेस-डार्मस्टाड) जानुभयो । मई महिनाको आखिरी समय थियो । बाटोमा उहाँहरू हेस अधिकारीहरूबाट विद्रोहीहरूको शङ्कामा पक्राउ पर्नुभयो । उहाँहरू डार्मस्टाड र त्यहाँबाट फ्रैङ्कफर्ट पठाइनुभयो । त्यहाँबाट उहाँहरू छोडिनुभयो र विन्जेन पुग्नुभयो । ३१ मई १८४९ मा उहाँहरूले 'नयाँ राइन समाचार' बाट आफूहरू पूर्णतया अलगिएको घोषणा गर्नुभयो । त्यहाँबाट मार्क्स पेरिसतिर लाग्नुभयो र एङ्गेल्स एक साधारण राजनैतिक प्रवासीको रूपमा बस्न कैसरस्लाउटर्न जानुभयो ।

पालाटिनेटको अस्थायी सरकारले एङ्गेल्सलाई अनेक नागरिक र सैनिक सेवाका पदहरू ग्रहण गर्न



अनुरोध गर्‍यो । उहाँले ती पदहरूमा बस्न स्वीकार्नुभएन तर सरकारी पत्रिकामा लेखसम्म दिन स्वीकार्नुभयो । 'पालाटिनेट र वाडेनका क्रान्तिकारी विद्रोह' भन्ने एउटा लेख स्वीकार गरिएको थियो । तर, अरू सम्पादकहरूले 'गालीगलौज' भनेर स्वीकार गरेनन् । त्यसपछि एङ्गेल्सले लेख दिन छोड्नुभयो ।

त्यसैबेला पालाटिनेट सेना र प्रसियाली सेनाको बिचमा भिडन्त सुरु भयो । अगस्ट ब्रिलिच कम्युनिस्ट लिगका एक सदस्य थिए । उनी खास गरेर मजदुरवर्गको राजनैतिकरूपले अगाडि बढेको र साहसी लडाकुहरूको दलका नेता थिए । एङ्गेल्स उनकै सहयोगी बन्नुभयो ।

प्रसियाली सेनाको भिडन्तहरूमा पालाटिनेट सेनाले हार खानुपर्‍यो । पालाटिनेट क्रान्तिकारी सेना स्थानीय क्रान्तिकारी सेनासँग वाडेनमा पछि हट्यो । एङ्गेल्सले ब्रिलिच दलको निम्ति गोली-गट्ठा तयार पार्ने र सैनिक तालिम दिने काम सम्हाल्नुभयो । फ्रेडरिक लेसनरले गुप्तरूपले कार्तुस बनाएर वाडेन पठाउँथे । वेकरगेर्मन गोली र बारुद्ध पुऱ्याउँथे । उनी कम्युनिस्ट लिगका एक सदस्य र जर्मन जनताका लेखक थिए ।

यता ६ जूनको दिन प्रसियाली सरकारले एङ्गेल्सलाई धुइँधुइँती खोज्दै थिए । बाहिरबाट थप लडाकुहरू आइपुगे । त्यसमा एङ्गेल्ससँग चिनाजानी भएको इल्वेरफेल्ड विद्रोहका साथीहरू पनि थिए ।

२० जून १८४९ मा त्यो दल प्रसियाली सेनासँग भिड्न थाल्यो । एङ्गेल्स र ब्रिलिचले लडाइँको योजना बनाउनुभयो । गाह्रो र खतरनाक काममा उहाँहरू आफै निर्देशन दिनुहुन्थ्यो । एङ्गेल्सले हातहतियार र गोला-बारुद यताउता लाने, अरू दलहरूसँग सम्बन्ध राख्ने र सैनिक गतिविधिको परीक्षण र अनुसन्धान गर्ने काम सम्हाल्नु हुन्थ्यो । पछाडि हट्दाखेरि उहाँ पछिल्लो सेनासँग रहनुहुन्थ्यो र मुख्य सेनाले ठाउँ छाड्दा त्यसलाई रक्षा गर्नुहुन्थ्यो । स-साना भिडन्तहरूबाहेक उहाँले ४ वटा ठुलठुला भिडन्तहरूमा भाग लिनुभयो । त्यसमध्ये रास्टाटको भिडन्त सबभन्दा महत्त्वपूर्ण थियो । लडाइँमा उहाँ हतारिनुहुन्थ्यो र खतरादेखि डराउनु हुन्नथ्यो । ठुलो अगुवाइ, साहस र कार्यदक्षतापूर्वक उहाँले काम गर्नुभयो ।

तर, रास्टाटको लडाइँ प्रसियाले जित्यो । ब्रिलिचको दल बिस्तारै पछि हट्यो । पछिल्लो सेनाले विद्रोही सेनालाई रक्षा गर्दै थियो । १२ जुलाई १८४९ मा विद्रोही सेनाको हार भयो र स्वीट्जरल्यान्ड पस्यो । वाडेन र पालाटिनेटको सेनाले पनि त्यही बाटो लियो । यसरी जर्मनको क्रान्ति हार भयो ।

**जर्मन क्रान्तिका असफलताको कारण र शिक्षा**

१६४८ को बेलायतको क्रान्ति र १७८९ को फ्रान्सेली क्रान्तिमा त्यहाँका पुँजीपतिवर्ग आन्दोलनको मोहदामा थियो । त्यसबेला सर्वहारावर्ग र पुँजीपतिवर्गको भिन्नै अथवा अरू वर्ग पनि पुँजीपतिवर्गको स्वार्थभन्दा फरक स्वार्थ राख्दैनथे । तिनीहरू त्यसबेला एक स्वतन्त्र र विकसित वर्गको रूपमा अगाडि आइसकेका थिएनन् । त्यसबेलाको बेलायती र फ्रान्सेली पुँजीपतिवर्गभन्दा जर्मन पुँजीपतिवर्ग सुस्त र डरछेरुवा थियो । जर्मन क्रान्तिको बेला जर्मन पुँजीपतिवर्ग सामन्तवाद र एकतन्त्रवादको धाकबाट डराउँथ्यो र पछाडिबाट सर्वहारावर्गको क्रान्तिकारी भेलबाट तर्सन्थ्यो । यसकारण, देशलाई एकीकरण गर्ने र सामन्ती र जमिनदारवर्गको विरोधको सङ्घर्षमा ऊ निर्बलियो र डरछेरुवा साबित भयो । ठुल-ठुला पुँजीपतिवर्ग र स-साना पुँजीपतिवर्गमध्ये धेरै दोधारे र चमेरे भइदियो । सारमा, पुँजीपतिवर्गले जनता र क्रान्तिलाई विश्वासघात गरेको थियो ।

*१६४८ को बेलायतको क्रान्ति र १७८९ को फ्रान्सेली क्रान्तिमा त्यहाँका पुँजीपतिवर्ग आन्दोलनको मोहदामा थियो । त्यसबेला सर्वहारावर्ग र पुँजीपतिवर्गको भिन्नै अथवा अरू वर्ग पनि पुँजीपतिवर्गको स्वार्थभन्दा फरक स्वार्थ राख्दैनथे । तिनीहरू त्यसबेला एक स्वतन्त्र र विकसित वर्गको रूपमा अगाडि आइसकेका थिएनन् । त्यसबेलाको बेलायती र फ्रान्सेली पुँजीपतिवर्गभन्दा जर्मन पुँजीपतिवर्ग सुस्त र डरछेरुवा थियो । जर्मन क्रान्तिको बेला जर्मन पुँजीपतिवर्ग सामन्तवाद र एकतन्त्रवादको धाकबाट डराउँथ्यो र पछाडिबाट सर्वहारावर्गको क्रान्तिकारी भेलबाट तर्सन्थ्यो । यसकारण, देशलाई एकीकरण गर्ने र सामन्ती र जमिनदारवर्गको विरोधको सङ्घर्षमा ऊ निर्बलियो र डरछेरुवा साबित भयो । ठुल-ठुला पुँजीपतिवर्ग र स-साना पुँजीपतिवर्गमध्ये धेरै दोधारे र चमेरे भइदियो । सारमा, पुँजीपतिवर्गले जनता र क्रान्तिलाई विश्वासघात गरेको थियो ।*

एकातिर पुँजीपतिवर्गले विश्वासघात गर्‍यो भने अर्कोतिर जर्मनीका सर्वहारा र किसानवर्ग सामन्तवादलाई उल्टाउन सक्ने गरी सङ्गठित थिएन । सामन्ती सरकारलाई उल्टाएर एक प्रजातान्त्रिक गणतन्त्र स्थापना गर्नसक्ने परिपक्वता सर्वहारावर्गमा आइसकेको थिएन । त्यसकारण, शासन सत्ता फेरि जमिनदार र सामन्तवर्गकै हातमा गयो । तर, यसले दुइटा मुख्य शिक्षा दियो-

१) पुँजीपतिवर्गले मात्रै क्रान्तिको नेतृत्व गर्नसक्छ भन्ने होइन,

२) क्रान्तिकारी वर्गलाई नेतृत्वको जिम्मा लिन सक्ने परिपक्व मजदुरवर्गले मात्र क्रान्तिलाई विजयसम्म लैजान सक्छ ।

***स्रोत : विश्वका प्रसिद्ध मजदुर आन्दोलनहरू***





चीनको पूर्वी झेजियाङ प्रान्तको वेनलिङ सहरमा रहेको शिताङ सहरमा मे २, २०२६ मा मानिसहरू परम्परागत ढुङ्गाका घरहरू हेर्दै छन् । शिताङ सहर तीनतिर समुद्रले घेरिएको परम्परागत माछा मार्ने बन्दरगाह हो । यस वर्षको मे दिवस बिदाको समयमा यहाँ माछा मार्ने संस्कृतिसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू आयोजना गरिए, जसले देशभरबाट पर्यटकहरू आकर्षित गऱ्यो । *तस्बिर : सिन्ह्वा*

# मध्यपूर्व युद्धबिच 'ओपेक प्लस' को महत्त्वपूर्ण बैठक, उत्पादन कोटा वृद्धि सम्भावना

भियना, ३ मे (एएफपी) । संयुक्त अरब इमिरेट्सले 'ओपेक प्लस' समूहबाट बाहिरिने निर्णय गरेपछि पहिलोपटक उक्त समूहका सात सदस्य देशहरू आइतबार तेल उत्पादन कोटासम्बन्धी निर्णय गर्न बैठकमा बसेका छन् । मध्यपूर्वमा जारी युद्धका कारण तेल आपूर्तिमा पहिले नै दबाब बढिरहेको अवस्थामा यो बैठकलाई निकै महत्त्वपूर्ण मानिएको छ, किनकि यसले विश्व बजारमा तेलको मूल्यमा थप प्रभाव पार्न सक्छ ।

संयुक्त अरब इमिरेट्सले अप्रिल २८ मा ओपेक र विस्तारित ओपेक प्लस समूह छोड्ने घोषणा गरेको थियो र उक्त निर्णय अप्रिल ३० देखि औपचारिक रूपमा लागू भएको मानिन्छ । यसको प्रभावबारे सङ्गठनले अहिलेसम्म कुनै औपचारिक प्रतिक्रिया दिएको छैन, जसका कारण आइतबारको बैठकपछि आउने निर्णय र वक्तव्यलाई बजारले निकै ध्यानपूर्वक हेरिरहेको छ ।

यो बैठकमा अल्जेरिया, इराक, काजाखस्तान, कुवेत, ओमान, रुस र साउदी अरेबिया सहभागी छन् । प्रारम्भिक अनुमानअनुसार, यी देशहरूले दैनिक करिब एक लाख ८८ हजार ब्यारेल तेल उत्पादन कोटा वृद्धि गर्ने सम्भावना छ, जुन मार्च र अप्रिलमा गरिएको वृद्धि जस्तै हो तर संयुक्त अरब इमिरेट्सको योगदानबिना हुनेछ ।

यद्यपि, कोटा कागजमा बढाइए पनि वास्तविक उत्पादनमा ठुलो परिवर्तन आउने सम्भावना कम देखिएको छ, किनकि धेरै सदस्य देशहरू पहिले नै युद्ध, प्रतिबन्ध र ढुवानी अवरोधका कारण आफ्नो पूर्ण उत्पादन क्षमता प्रयोग गर्न असमर्थ छन् । विशेषगरी फारस खाडी क्षेत्रका इराक, कुवेत, साउदी अरेबिया र पूर्व सदस्य संयुक्त अरब इमिरेट्स सबै यस अवस्थाबाट प्रभावित भएका छन् ।

त्यस्तै, इरानले अमेरिकी-इजरायली तनावपछि स्ट्रेट अफ हर्मुज क्षेत्रमा अवरोध सिर्जना गर्दा तेल निर्यात थप कठिन बनेको छ । इरान स्वयं पनि अमेरिकी प्रतिबन्धका कारण आर्थिक दबाबमा रहेको छ । अर्कोतर्फ, रुस युद्धका कारण उच्च तेल मूल्यबाट केही लाभ उठाइरहेको देखिए पनि युक्रेनसँगको लामो युद्धका कारण उसले आफ्नो उत्पादन क्षमता पूर्ण रूपमा उपयोग गर्न सकेको छैन ।

विश्लेषकहरूका अनुसार संयुक्त अरब इमिरेट्सको ओपेक प्लसबाट बहिर्गमन एक ठुलो परिवर्तन हो, किनकि यसले सङ्गठनभित्र शक्ति सन्तुलन र भविष्यको नीतिमा महत्त्वपूर्ण असर पार्न सक्छ । संयुक्त अरब इमिरेट्सले पछिल्ला वर्षहरूमा ठुलो लगानी गर्दै आफ्नो उत्पादन क्षमता उल्लेखनीय रूपमा बढाएको थियो र सन् २०२७ सम्म दैनिक करिब ५ लाख ब्यारेल उत्पादन गर्ने लक्ष्य राखेको थियो, जुन पहिलेको कोटाभन्दा निकै बढी हो ।

यस परिस्थितिमा, ओपेक प्लसभित्र अन्य सदस्य देशहरू पनि आफ्नो कोटा उल्लङ्घन गरेको आरोप र असन्तुष्टिका कारण दबाबमा देखिन थालेका छन्, जसले भविष्यमा सङ्गठनको एकता र स्थायित्वबारे प्रश्न उठाएको छ ।

# युरोपमा अमेरिकी सेना घटाउने ट्रम्पको योजना

फ्लोरिडा, ३ मे (एपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार दिएको अभिव्यक्तिमा संयुक्त राज्य अमेरिकाले जर्मनीमा तैनाथ आफ्ना सैनिकहरूको सङ्ख्या उल्लेखनीय रूपमा घटाउने योजना अघि बढाइरहेको बताए । उनले यो कटौती यसअघि सार्वजनिक गरिएको पाँच हजार सैनिक फिर्ताभन्दा अझ ठुलो हुने सङ्केत गरे ।

राष्ट्रपति ट्रम्पका अनुसार अमेरिकाले जर्मनीमा आफ्नो सैन्य उपस्थिति 'धेरै ठुलो मात्रामा' घटाउनेछ । उनले पत्रकारहरूसँग कुरा गर्दै भने, "हामी ठुलो मात्रामा कटौती गर्दै छौँ र यो पाँच हजारभन्दा पनि धेरै हुनेछ ।"

यसअघि अमेरिकी रक्षा मन्त्रालयले जर्मनीबाट करिब पाँच हजार सैनिक फिर्ता गर्ने योजना सार्वजनिक गरेको थियो । तर, राष्ट्रपति ट्रम्पको पछिल्लो अभिव्यक्तिले उक्त योजनाभन्दा अझ व्यापक सैन्य कटौती हुन सक्ने सङ्केत दिएको छ ।

जर्मनीका रक्षामन्त्री बोरिस पिस्टोरियसले भने अमेरिकी सैनिकहरूको केही सङ्ख्या घटाउने निर्णय अपेक्षित रहेको बताउँदै युरोपेली देशहरूले आफ्नो रक्षा क्षमतामा थप जिम्मेवारी लिनुपर्नेमा जोड दिए । यद्यपि, उनले अमेरिका-युरोप सुरक्षा साझेदारी दुवै पक्षका लागि लाभदायक रहेको पनि उल्लेख गरे ।

यस निर्णयले वासिङ्टनमा दुवै प्रमुख राजनीतिक दलका केही नेताहरूबाट आलोचना र चिन्ता उत्पन्न गरेको छ । कतिपयले यस्तो कदमले रुसका राष्ट्रपति भ्लादिमिर पुटिनलाई गलत सन्देश जाने चेतावनी दिए ।

यसैबिच, ट्रम्प प्रशासनले युरोपेली देशहरूको रक्षा र व्यापार नीतिप्रति असन्तुष्टि व्यक्त गऱ्यो । विशेषगरी युरोपेली सङ्घसँगको व्यापार सम्झौता कार्यान्वयन नभएको आरोप लगाउँदै, आगामी दिनमा युरोपेली गाडी तथा ट्रकमा भन्सार कर वृद्धि गर्ने योजना पनि सार्वजनिक गरिएको छ ।

विश्लेषकहरूका अनुसार जर्मनीमा अमेरिकी सैनिक उपस्थिति लामो समयदेखि नाटोअन्तर्गत युरोपेली सुरक्षा संरचनाको महत्त्वपूर्ण आधार मानिँदै आएको छ । यस्तो अवस्थामा ठुलो मात्रामा सैनिक कटौतीले अमेरिका-युरोप सम्बन्ध र क्षेत्रीय सुरक्षा सन्तुलनमा प्रभाव पार्न सक्ने अनुमान गरिएको छ ।

# लेबनानको दक्षिणी क्षेत्रमा आक्रमण बढ्दै, दर्जनौँ प्रभावित

बेरुत, ३ मे (सिन्ह्वा) । दक्षिणी लेबनानमा शनिबार भएको इजरायली हवाई आक्रमण र सैन्य कारबाहीका क्रममा कम्तीमा ७ जनाको मृत्यु भएको छ भने अन्य केही व्यक्ति घाइते भएका छन् । स्थानीय स्वास्थ्य तथा सरकारी स्रोतका अनुसार आक्रमणहरू विभिन्न गाउँहरूमा भएका थिए, जहाँ घर, सवारी साधन र नागरिक संरचनाहरूलाई पनि क्षति पुगेको छ । यसै क्रममा इजरायली सेनाले सीमा नजिकको यारुन गाउँमा रहेको एक क्याथोलिक कन्भेन्टको भाग बुलडोजर प्रयोग गरी ध्वस्त पारेको छ । उक्त कन्भेन्ट पहिले खाली भइसकेको र युद्धका कारण त्यहाँ रहेका दुई ननहरू पनि विस्थापित भइसकेका थिए ।

इजरायलले उक्त कारबाहीलाई हिजबुल्लाहसँग सम्बन्धित पूर्वाधार नष्ट गर्ने अभियानको हिस्सा भएको बताउँदै सो स्थानबाट विगतमा इजरायलतर्फ रकेट प्रहार गरिएको दाबी गरेको छ । साथै, इजरायली सेनाले भवन धार्मिक संस्था हो भन्ने जानकारी पाएपछि थप क्षति रोकिएको पनि जनाएको छ । तर, लेबनानको क्याथोलिक चर्चले यी दाबी अस्वीकार गर्दै उक्त स्थान पूर्ण रूपमा धार्मिक, शैक्षिक र मानवीय उद्देश्यका लागि प्रयोग हुँदै आएको बताएको छ ।

यसैबिच, इजरायल र लेबनानको सशस्त्र समूह हिजबुल्लाहबिचको तनाव जारी छ, यद्यपि १७ अप्रिलदेखि युद्धविराम लागू भएको भनिएको छ । तर, सीमा क्षेत्रमा दुवै पक्षबिच आक्रमण र प्रत्याक्रमण रोकिएको छैन । इजरायली सेनाले पछिल्लो २४ घण्टामा करिब ५० वटा हवाई आक्रमण गरी हिजबुल्लाहका पूर्वाधार र लडाकुहरूलाई लक्षित गरिएको दाबी गरेको छ । साथै, दक्षिणी लेबनानका ९ वटा गाउँका बासिन्दालाई सुरक्षा कारण देखाउँदै तत्काल स्थान खाली गर्न चेतावनी पनि दिइएको छ, जसले स्थानीय नागरिकहरूमा थप डर र विस्थापनको अवस्था सिर्जना गरेको छ ।

## विश्व सङ्क्षेप

### इरानको शान्ति प्रस्तावप्रति ट्रम्पको शङ्का, सम्भावित सैन्य कारबाहीको सङ्केत

फ्लोरिडा, ३ मे (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार दिएको अभिव्यक्तिमा इरानले पठाएको नयाँ शान्ति प्रस्तावको समीक्षा गर्ने बताए । तर, उनले त्यसलाई स्वीकार गरिने सम्भावना कमजोर रहेको सङ्केत पनि गरे । उनले इरानले विगतका वर्षहरूमा गरेको गतिविधिका कारण विश्व र मानवतामाथि गम्भीर असर परेको भन्दै हालको प्रस्तावप्रति आशावादी हुन नसकिने धारणा राखे ।

पत्रकारहरूसँगको कुराकानीमा राष्ट्रपति ट्रम्पले इरानमाथि भविष्यमा पुनः सैन्य कारबाही हुनसक्ने सम्भावनालाई स्वीकार गरे ।

यसैबिच, इरानले मध्यस्थकर्तामार्फत पठाएको १४ बुँदे शान्ति प्रस्तावमा सबै मोर्चामा युद्ध अन्त्य गर्ने तथा महत्त्वपूर्ण हर्मुज जलमार्गका लागि नयाँ व्यवस्थापन ढाँचा तयार गर्ने प्रस्ताव समावेश गरिएको छ ।

इरानी सैन्य नेतृत्वका एक वरिष्ठ अधिकारीले अमेरिका र इरानबिच पुनः द्वन्द्व हुने सम्भावना उच्च रहेको बताएका छन् ।

इरानका उपविदेशमन्त्रीले अब शान्ति वा टकरावको बाटो रोज्ने निर्णय संयुक्त राज्य अमेरिकाको हातमा रहेको बताउँदै तेहरान दुवै अवस्थाका लागि तयार रहेको स्पष्ट पारे ।

हर्मुज जलमार्गमा जारी तनावका कारण तेल आपूर्ति प्रभावित भएको छ, जसले विश्व बजारमा मूल्य वृद्धि गराएको छ ।

### हर्मुज जलडमरूमध्यमा इरानको सुरक्षा निगरानी कडा

तेहरान, ३ मे (सिन्ह्वा) । इरानका सेना प्रवक्ता मोहम्मद अक्रमिनियाले शनिबार दिएको अभिव्यक्तिमा देशका सशस्त्र बलहरूले हर्मुज जलडमरूमध्यको सुरक्षा तथा निगरानी गरिरहेको जानकारी दिनुभएको छ । उहाँका अनुसार उक्त महत्त्वपूर्ण समुद्री मार्गबाट जहाजहरूको आवागमन इरानी निकायहरूको समन्वय र स्वीकृतिमा आधारित रहनेछ ।

उहाँले हर्मुज जलडमरूमध्यको व्यवस्थापन इरानको अधिकार क्षेत्रभित्र पर्ने विषय भएको उल्लेख गर्दै वर्तमान परिस्थितिलाई मध्यनजर गर्दै आवश्यक सुरक्षा उपायहरू अपनाइएको बताउनुभयो । इरानको इस्लामिक रिभोलुसन गार्ड कोर्प्स (आईआरजीसी) र राष्ट्रिय सेनाले संयुक्त रूपमा उक्त क्षेत्रमा निगरानी तथा सुरक्षा व्यवस्थापन गरिरहेको पनि उहाँले जानकारी दिनुभयो ।

यसै क्रममा, इरानका उपविदेशमन्त्री हमिद घानबारीलाई उद्धृत गर्दै फार्स समाचार एजेन्सीले विभिन्न देशहरूले आफ्ना जहाजहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न इरानसँग कूटनीतिक माध्यममार्फत अनुरोध गरिरहेको जनाएको छ ।

इरानले फेब्रुअरी २८ देखि केही विशेष परिस्थितिका कारण उक्त क्षेत्रमा सुरक्षा व्यवस्था थप कडा बनाएको हो । यस निर्णयलाई क्षेत्रीय घटनाक्रमसँग सम्बन्धित रूपमा हेरिएको छ ।

हर्मुज जलडमरूमध्य विश्वव्यापी ऊर्जा आपूर्ति तथा अन्तर्राष्ट्रिय व्यापारका लागि अत्यन्त महत्त्वपूर्ण मार्ग मानिन्छ । त्यसैले यस क्षेत्रमा भइरहेका गतिविधिहरूलाई अन्तर्राष्ट्रिय समुदायले ध्यानपूर्वक नियालिरहेको छ ।

### केन्यामा बाढीका कारण कम्तीमा १० जनाको मृत्यु

नैरोबी, ३ मे (सिन्ह्वा) । केन्यामा लगातार परेको भारी वर्षाका कारण आएको आकस्मिक बाढीले यस हप्ता कम्तीमा १० जनाको ज्यान लिएको पुष्टि त्यहाँको प्रहरीले गरेको छ ।

राष्ट्रिय प्रहरी सेवाका अनुसार अधिकांश मानवीय क्षति देशको पूर्वी क्षेत्रमा भएको छ, जहाँ बाढीका कारण सडकहरू अवरुद्ध भएका छन् र ठुलो सङ्ख्यामा मानिसहरू विस्थापित भएका छन् । यसले धेरै समुदायहरूलाई गम्भीर समस्यामा पारेको छ । प्रहरीद्वारा जारी विज्ञप्तिअनुसार हालसम्म १० जनाको मृत्यु भएको पुष्टि गरिएको छ, जसमा सबैभन्दा धेरै–७ जनाको मृत्यु–पूर्वी क्षेत्रमा भएको जनाइएको छ ।

### एसी विस्फोटपछि आगलागी हुँदा नौ जनाको मृत्यु

नयाँ दिल्ली, ३ मे (एएफपी) । आइतबार बिहान दिल्लीको एक बहुतले घरमा एअर कन्डिसनर (एसी) विस्फोटपछि आगलागी हुँदा नौ जनाको घटनास्थलमा नै मृत्यु भएको छ ।

आगलागीमा परी एक बालक र चार महिलासहित कम्तीमा नौ जनाको मृत्यु भएको र अन्य २० जना घाइते भएका दिल्ली प्रहरीले पुष्टि गरेको छ ।

पूर्वी दिल्लीको विवेक विहार इलाकामा पीडित सुतिरहेको बेला यो घटना भएको हो । एसी विस्फोटपछि लागेको आगो केही मिनेटमा नै पूरै घरमा फैलिएको प्रहरीले जनाएको छ ।

दुर्घटनाग्रस्त घरको विभिन्न भागबाट नौजनाको मृत शरिर निकालिएको छ । घाइतेहरूलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ ।

आगो नियन्त्रणका लागि दमकलसहितका १४ वटा टोली खटिएका थिए । एयर कन्डिसनरमा विस्फोट हुनुको कारण पत्ता लगाउन अनुसन्धान सुरु भइसकेको प्रहरीले जनाएको छ ।

# विभिन्न अध्यादेश जारी भएसँगै पदमुक्त हुँदै पदाधिकारीहरू

सृजना राई

काठमाडौं। राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा 'सार्वजनिक पदाधिकारीको पदमुक्तसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३' शुक्रबार जारी गर्नुभएको छ। प्रधानमन्त्री बालेन्द्र साह नेतृत्वको सरकारले प्रशासनिक सुदृढीकरण र राज्यका निकायहरूलाई नयाँ गति दिने उद्देश्यले चालेको यो कदमसँगै विभिन्न ऐन र संरचनाअन्तर्गत राजनीतिक नियुक्ति पाएका कुल एक हजार ५९४ पदाधिकारी एकमुष्ट पदमुक्त हुने भएका छन्।

**सञ्चार, हवाई सेवा र मुद्रण क्षेत्रको पदमुक्ति**

नेपाल वायुसेवा निगम ऐन, २०१९ बमोजिम नियुक्त अध्यक्ष, उपाध्यक्ष, सञ्चालक र महाप्रबन्धकसहित सात पदाधिकारी पदमुक्त हुने भएका छन्। राष्ट्रिय समाचार समिति (रासस) ऐन, २०१९ अन्तर्गतका दुई जना सञ्चालक र गोरखापत्र संस्थान ऐन, २०१९ बमोजिमका अध्यक्ष तथा सञ्चालक गरी तीन जनाको पद रिक्त हुने भएको छ।

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ अन्तर्गत चलचित्र जाँच समितिका अध्यक्ष र सदस्य गरी तीन जना तथा सञ्चार संस्थान ऐन, २०२८ बमोजिम नियुक्त अध्यक्ष र सञ्चालक गरी दुई जना पदमुक्त हुने भएका छन्। प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम मनोनीत अध्यक्ष र सदस्य गरी १० जना तथा श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ अन्तर्गत नियुक्त अध्यक्ष र सदस्य गरी ६ जना पदमुक्त हुने भएका छन्। दूरसञ्चार ऐन, २०५३ बमोजिम नियुक्त प्राधिकरणका अध्यक्ष र सदस्य गरी पाँच जना तथा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिमका चार जना सदस्य पदमुक्त हुने भएका छन्।

विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम सूचना प्रविधि न्यायाधीकरण र पुनरावेदन न्यायाधीकरणका ६ पदाधिकारी तथा सूचनाको हकसम्बन्धी ऐन, २०६४ अन्तर्गतका प्रमुख सूचना आयुक्त र सूचना आयुक्त गरी तीन जनाको पद रिक्त हुनेछ।

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ बमोजिम नियुक्त अध्यक्ष र सदस्य गरी ६ जना, सुरक्षण मुद्रणसम्बन्धी ऐन, २०८१ अन्तर्गत नियुक्त तीन जना र सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ बमोजिमका अध्यक्ष र सदस्य गरी १५ जना पदाधिकारी पदमुक्त हुने भएका छन्।

**शिक्षा तथा विश्वविद्यालय क्षेत्र**

शिक्षा ऐन, २०२८ अन्तर्गतका विभिन्न समिति र शिक्षक सेवा आयोगका अध्यक्ष तथा सदस्य गरी २३ जना पदमुक्त हुने भएका छन्। नेपाल संस्कृत विश्वविद्यालय ऐन, २०४३ बमोजिम नियुक्त उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित २८ जना तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५ अन्तर्गतका १७ जना पदाधिकारीको पद रिक्त हुने भएको छ। राष्ट्रिय युवा परिषद् ऐन, २०७२ अन्तर्गत नियुक्त ३४ जना पदाधिकारी पदमुक्त हुने भएका छन्।

काठमाडौं विश्वविद्यालय ऐन, २०४८ बमोजिम नियुक्त उपकुलपति र कुलसचिवगायत २५ जना तथा त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ बमोजिम नियुक्त उपकुलपति र सेवा आयोगका पदाधिकारीसहित ८४ पदाधिकारी पदमुक्त हुने भएका छन्। विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० बमोजिम नियुक्त अध्यक्ष र सदस्य गरी आठ जना तथा पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० अन्तर्गत नियुक्त उपकुलपति र कुलसचिवलगायत ६९ पदाधिकारी पदमुक्त हुने भएका छन्।

यसैगरी पोखरा विश्वविद्यालय ऐन, २०५३ बमोजिम नियुक्त उपकुलपति र शैक्षिक प्रमुखसहित ५० जना तथा लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन, २०६३ बमोजिम नियुक्त उपकुलपति र कुलसचिवलगायत ४४ जना पदमुक्त हुने भएका छन्।

सुदूरपश्चिम विश्वविद्यालय ऐन, २०६७ अन्तर्गत नियुक्त भएका २७ जना र मध्यपश्चिम विश्वविद्यालय ऐन, २०६७ बमोजिम नियुक्त २६ जना पदाधिकारीको पद रिक्त हुने भएको छ। कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन, २०६७ अन्तर्गत नियुक्त २२ जना, नेपाल खुला विश्वविद्यालय ऐन, २०७३ बमोजिम नियुक्त २४ जना, राजर्षि जनक विश्वविद्यालय ऐन, २०७४ अन्तर्गत नियुक्त ३९ जना र मदन भण्डारी विश्वविद्यालय ऐन, २०७९ बमोजिम नियुक्त २४ पदाधिकारीहरू पदमुक्त हुने भएका छन्।

**स्वास्थ्य, चिकित्सा र विज्ञान क्षेत्र**

आयुर्वेद चिकित्सा परिषद् ऐन, २०४५ बमोजिम नियुक्त कुलसचिव र सदस्य गरी ६ जना तथा नेपाल स्वास्थ्य अनुसन्धान परिषद् ऐन, २०४७ बमोजिमका नौ पदाधिकारी पदमुक्त हुने भएका छन्। पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ अन्तर्गत नियुक्त पाँच जना पदमुक्त हुने भएका छन्।

यस्तै बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ अन्तर्गत नियुक्त उपकुलपतिलगायत १५ जना तथा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ बमोजिमका पाँच जना सदस्यको पद रिक्त हुने भएको छ।

नेपाल नर्सिङ परिषद् ऐन, २०५२ अन्तर्गत नियुक्त आठ जना र नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ बमोजिम नियुक्त पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्। बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ अन्तर्गत नियुक्त १० जना र सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र ऐन, २०५७ बमोजिम नियुक्त आठ जना पदमुक्त हुने भएका छन्। नेपाल फार्मेसी परिषद् ऐन, २०५७ अन्तर्गत नियुक्त सात जना र चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ बमोजिम नियुक्त २२ पदाधिकारी पदमुक्त हुने भएका छन्।

यस्तै पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत नियुक्त ३३ जना र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ बमोजिम नियुक्त ३४ पदाधिकारीको पद रिक्त हुने भएको छ। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७२ अन्तर्गत नियुक्त ३१ जना र राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ बमोजिम नियुक्त ३१ पदाधिकारीहरू पदमुक्त हुने भएका छन्।

स्वास्थ्य बीमा ऐन, २०७४ अन्तर्गत नियुक्त सात जना र जनस्वास्थ्य ऐन, २०७५ बमोजिम नियुक्त ६ सदस्यको पद जाने भएको छ। नेपाल मेडिकल काउन्सिल ऐन, २०७५ अन्तर्गत नियुक्त आठ जना र राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बमोजिम नियुक्त १६ पदाधिकारी पदमुक्त हुने भएका छन्। विद्युषी योगमाया हिमालय आयुर्वेद विश्वविद्यालय ऐन, २०७९ अन्तर्गत नियुक्त ४२ जना र सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२ बमोजिम नियुक्त २९ पदाधिकारीको पद रिक्त हुने भएको छ।

**ऊर्जा, पूर्वाधार, वित्तीय र नियमनकारी निकाय**

नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ बमोजिम नियुक्त कार्यकारी निर्देशक र सदस्य गरी ६ जना तथा काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अन्तर्गत नियुक्त चार पदाधिकारी पदमुक्त हुने भएका छन्। नेपाल खानेपानी संस्थान ऐन, २०४६ बमोजिम नियुक्त ६ जना र नगर विकास कोष ऐन, २०५३ अन्तर्गत नियुक्त ६ पदाधिकारी पदमुक्त हुने भएका छन्।

यस्तै सडक बोर्ड ऐन, २०५८ बमोजिम नियुक्त चार जना, विद्युत् नियमन आयोग ऐन, २०७४ अन्तर्गत नियुक्त पाँच जना र नेपाल रेल्वे ऐन, २०७९ बमोजिम नियुक्त रेल्वे प्रशासक र सदस्य गरी पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्। वित्तीय क्षेत्रतर्फ कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम नियुक्त आठ जना र नागरिक लगानी कोष ऐन, २०४७ अन्तर्गत नियुक्त तीन जनाको पद रिक्त हुने भएको छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट ऐन, २०५३ बमोजिमका १५ जना र औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३ अन्तर्गत नियुक्त पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्।

यसैगरी अन्तर्राष्ट्रिय वित्तीय कारोबार ऐन, २०५४ बमोजिम नियुक्त तीन जना र धितोपत्रसम्बन्धी ऐन, २०६३ अन्तर्गत नियुक्त एक सदस्यको पद जाने भएको छ। प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ बमोजिम नियुक्त ६ जना र सार्वजनिक खरिद ऐन, २०६३ अन्तर्गत पुनरावलोकन समितिका तीन पदाधिकारी हुने भएका छन्।

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत र सदस्य गरी तीन जना र विशेष आर्थिक क्षेत्र ऐन, २०७३ अन्तर्गत नियुक्त एक जनाको पद रिक्त हुने भएको छ। सहकारी ऐन, २०७४ बमोजिम नियुक्त आठ जना र सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ अन्तर्गत नियुक्त चार पदाधिकारीहरू पदमुक्त हुने भएका छन्। औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम नियुक्त दुई जना, बीमा ऐन, २०७९ अन्तर्गत नियुक्त दुई जना र प्रत्यायन ऐन, २०७९ बमोजिम नियुक्त ६ पदाधिकारीको पद जाने भएको छ।

**कृषि, वातावरण, प्रज्ञा प्रतिष्ठान र सामाजिक क्षेत्र**

बीउबिजन ऐन, २०४५ अन्तर्गतका आठ सदस्य र नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ बमोजिम नियुक्त नौ पदाधिकारी पदमुक्त हुने भएका छन्। राष्ट्रिय दुग्ध विकास बोर्ड ऐन, २०४८ अन्तर्गत नियुक्त सात जना र राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ बमोजिम नियुक्त सात जनाको पद रिक्त हुने भएको छ।

नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ अन्तर्गत नियुक्त तीन जना र बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ बमोजिम नियुक्त पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्। जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ अन्तर्गत नियुक्त छ जना र वातावरण संरक्षण ऐन, २०७६ बमोजिम नियुक्त पाँच जनाको पद जाने भएको छ। खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम नियुक्त सात पदाधिकारी पदमुक्त हुने भएका छन्।

प्रज्ञा प्रतिष्ठानतर्फ नेपाली भाषा प्रकाशन संस्थान ऐन, २०२१ बमोजिम नियुक्त नौ जना र गुठी संस्थान ऐन, २०३३ अन्तर्गत नियुक्त १० जनाको पद रिक्त हुने भएको छ। लुम्बिनी विकास कोष ऐन, २०४२ बमोजिम नियुक्त ११ जना र पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ अन्तर्गत नियुक्त नौ पदाधिकारी पदमुक्त हुने भएका छन्।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ऐन, २०४८ बमोजिम नियुक्त ४९ जना र नेपाल स्काउट ऐन, २०५० अन्तर्गत नियुक्त ३३ जनाको पद जाने भएको छ। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ऐन, २०५५ बमोजिम नियुक्त १६ जना र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अन्तर्गत नियुक्त २५ पदाधिकारी पदमुक्त हुने भएका छन्।

आदिवासी जनजाति परिषद् अन्तर्गतका ६० जना मनोनीत सदस्यहरू र नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ बमोजिम नियुक्त ३३ जनाको पद रिक्त हुने भएको छ। नेपाल सङ्गीत तथा नाट्यकला प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ अन्तर्गत नियुक्त ३३ जना र नेपाल प्रज्ञा प्रतिष्ठान ऐन, २०६४ बमोजिम नियुक्त ४३ पदाधिकारी पदमुक्त हुने भएका छन्।

**प्रशासनिक तथा सामाजिक क्षेत्रतर्फ**

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ऐन, २०३९ बमोजिम नियुक्त चार जना र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ अन्तर्गत नियुक्त एक जनाको पद जाने भएको छ। समाज कल्याण ऐन, २०४९ बमोजिम नियुक्त १० जना र नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ अन्तर्गत नियुक्त १४ पदाधिकारी पदमुक्त हुने भएका छन्।

यस्तै वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम नियुक्त १० जना र नेपाल ट्रष्ट ऐन, २०६४ अन्तर्गत नियुक्त तीन जनाको पद रिक्त हुने भएको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिमका पाँच पदाधिकारी पदमुक्त हुने भएका छन्।

श्रम ऐन, २०७४ बमोजिम नियुक्त १० जना र योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अन्तर्गत नियुक्त सात जनाको पद जाने भएको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बमोजिम नियुक्त चार जना र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ अन्तर्गत नियुक्त १७ पदाधिकारी पदमुक्त हुने भएका छन्।

यसैगरी भूउपयोग ऐन, २०७६ बमोजिम नियुक्त चार जना, रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) ऐन, २०७७ अन्तर्गत नियुक्त तीन जना र राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम नियुक्त २७ पदाधिकारीहरूको पद रिक्त हुने भएको छ। यसरी एक हजार ५९४ पदाधिकारी पदमुक्त हुने भएका छन्। सरकारले अब यी रिक्त पदमा नयाँ नियुक्ति प्रक्रिया चाँडै अगाडि बढाउने तयारी गरेको छ। *रासस*

# मुक्तकमैया पुनः स्थापनामा अन्योलता

कञ्चनपुर, २० वैशाख। पश्चिम तराईका मुक्तकमैया तथा कमलहरी समुदायले पुनःस्थापनाको काम अझै प्रभावकारी रूपमा अगाडि नबढेको भन्दै सरकारसँग तत्काल पहलको माग गरेका छन्।

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-१० झलारीमा शनिबार आयोजित जागरणसभाका क्रममा कृषि तथा पशुपन्छी विकास, वन तथा वातावरणमन्त्री गीता चौधरीलाई ज्ञापनपत्र बुझाउँदै मुक्तकमैया अगुवाहरूले २०७५ सालदेखि पुनःस्थापनाको कार्य ठप्प हुँदा कष्टकर जीविन बिताउनुपरेको बताएका छन्। मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरीले अधिकारसम्पन्न मुक्तकमैया आयोग गठन नगरेसम्म सबै मुक्तकमैयाको समुचित पुनःस्थापना सम्भव नहुने बताउनुभयो।

कैलालीमा मात्र कैलारी गाउँपालिकाको मिलनपुर, सपनानगर, ओमनगर, हीरापुर, केगाउँ शिविर, सुर्मिनाला, टीकापुरको शिवनगर, शक्तिनगर, विजयनगर, लम्कीको एकतानगरलगायत करिब १३० मुक्तकमैया बस्ती रहेका छन्। ती बस्तीमा बसोबास सुरु भएको १९ वर्ष पुगिसक्दा पनि स्थायी समाधान नआएको अध्यक्ष चौधरीले उल्लेख गर्नुभयो। ओमनगर क्षेत्रमा कमैया-कमैयाबिच द्वन्द्वको अवस्था सृजना गरिएको उहाँको भनाइ थियो।

राष्ट्रिय भूमि आयोगको निर्देशिकाअनुसार १० वर्षभन्दा बढी समयदेखि बसोबास गरेका बस्तीको नापनक्सा गर्न सकिने व्यवस्था छ। सोहीअनुसार २०७९ सालमा ती बस्तीको नाप-नक्साङ्कन सम्पन्न भए पनि त्यसपछि पुनःस्थापना प्रक्रिया अघि नबढ्नु विडम्बनापूर्ण रहेको अध्यक्ष चौधरीले बताउनुभयो।

समाजका अनुसार कैलालीमा रातो तीन हजार ७५८, नीलो पाँच हजार २१७, पहेँलो १८९ र सेतो ५९८ गरी नौ हजार ७६३ मुक्तकमैयाले परिचयपत्र प्राप्त गरेका छन्। त्यस्तै, जग्गा पाउनुपर्ने आठ हजार ९७५ परिवारमध्ये आठ हजार २२ परिवारले मात्र जग्गा पाएका छन्। चार सय परिवार सट्टाभर्नाको प्रतीक्षामा छन् भने १७३ परिवारको परिचयपत्र बदर भएको छ। तीन सय ८० परिवार अझै जग्गाविहीन छन् भने एक हजार ५०० परिवारले परिचयपत्र पाउन बाँकी छ। हालसम्म ९५३ परिवार पुनःस्थापनाको पर्खाइमा छन्।

समाजका केन्द्रीय सदस्य चन्द्रप्रसाद चौधरीले कमैया प्रथा अन्त्य भएको करिब २५ वर्ष बितिसक्दा पनि पुनःस्थापनाको काम अपूरो रहनु दुःखद भएको बताउनुभयो। उहाँका अनुसार २०५७ साल साउन २ गते तत्कालीन सरकारले कमैया मुक्तिको घोषणा गरेपछि कमैया श्रम ऐन, २०५८ र पुनःस्थापनासम्बन्धी नियमावली निर्माण गरिएको थियो। ती कानुनी व्यवस्था कार्यान्वयनमा कमजोरी हुँदा अधिकांश मुक्तकमैया परिवार अझै स्थायी बसोबास, शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता आधारभूत अधिकारबाट वञ्चित रहेको उहाँले बताउनुभयो।

सङ्घीय सरकारले आव २०७५/७६ मा दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका लागि पुनःस्थापनाको बजेटसहित कार्यक्रम स्थानीय तहमा पठाए पनि कार्यान्वयन हुन नसकेको समुदायको आरोप मुक्तकमैया अगुवा भागीराम चौधरीको रहेको छ। पटकपटक सरकारसँग भएका सहमति र प्रतिबद्धता व्यवहारमा कार्यान्वयन नहुँदा समस्या झनै जटिल बन्दै गएको उहाँहरूको भनाइ छ।

मुक्तकमैयाहरूले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले गठन गरेको अध्ययन समितिका सिफारिसहरू योजनाबद्ध रूपमा कार्यान्वयन गर्न, श्यामकुमार श्रेष्ठको संयोजकत्वमा तयार गरिएको प्रतिवेदनका आधारमा बनाइएको पुनःस्थापना कार्यविधि मन्त्रिपरिषद्बाट पारित गर्न र मुक्तकमैयाहरूको जमिन समस्या समाधानका लागि अधिकारसम्पन्न कार्यदल गठन गरी लालपुर्जा वितरण गर्न माग गरेका छन्।

त्यसैगरी, नीतिगत निर्णयबाट तत्काल समाधान गर्न सकिने विषयहरू अविलम्ब पारित गरी कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहलाई निर्देशन दिनुपर्ने, परिचयपत्र प्राप्त छुट मुक्तकमैयालाई लालपुर्जा दिने व्यवस्था गर्नुपर्ने, पाएको जमिन बैङ्कमा राखी ऋण लिन पाउने व्यवस्था मिलाउनुपर्ने र ऐलानी वा सरकारी जग्गामा बसोबास गरिरहेका परिवारलाई नापी गरी लालपुर्जा वितरण गर्नुपर्ने माग गरिएको छ।

साथै जमिनको ठेगान नभएका वा अनुपयुक्त स्थानमा दिइएका जग्गा सट्टाभर्ना गर्ने व्यवस्था मिलाउनुपर्ने, अभिलेख अद्यावधिक गर्न मालपोत कार्यालयलाई निर्देशन दिनुपर्ने र शिक्षा, स्वास्थ्य तथा रोजगारीको सुनिश्चितता गर्नुपर्ने माग पनि गरिएको छ।

समाजका केन्द्रीय सदस्य सीता चौधरीले मुक्तकमैया तथा कमलहरी समुदायको दीर्घकालीन समस्या समाधानका लागि बाध्यकारी श्रम उन्मूलनसम्बन्धी एकीकृत कानुन तत्काल ल्याउनुपर्ने बताउनुभयो। साथै बाध्य श्रमिकको समस्या समाधानका लागि ठोस पहल, सहकारीमार्फत आर्थिक सहयोग र निःशुल्क शिक्षाको व्यवस्था गर्नुपर्ने माग पनि गरिएको छ। समुदायले पुनःस्थापनालाई राष्ट्रिय प्राथमिकताको विषय बनाएर नीतिगत स्पष्टता र प्रभावकारी कार्यान्वयनमार्फत समस्या समाधान गर्न सरकारसँग आग्रह गरेको छ। *रासस*

# विभिन्न देशमा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइयो


रोम, इटाली


सिउल, दक्षिण कोरिया


न्यु दिल्ली, भारत


सिड्नी, अस्ट्रेलिया


एथेन्स, ग्रिस


लियोन, फ्रान्स

# वडाव्यापी खुला ब्याडमिन्टन प्रतियोगिताको पुरस्कार वितरण



भक्तपुर, २० वैशाख । भनपाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ९ नं वडा कार्यालयको आयोजनामा वैशाख १९ र २० गते सञ्चालित वडाव्यापी खुला ब्याडमिन्टन प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रम आइतबार सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख प्रजापतिले भनपाले शिक्षा सँगसँगै हरेक युवालाई कुनै न कुन खेलमा सहभागी गराई सुसंस्कृत समाज निर्माण गर्ने उद्देश्यले नियमित रूपमा विभिन्न खेलकुद प्रतियोगिता आयोजना गर्दै आइरहेको बताउनुभयो ।

उहाँले भनपाले खेलकुद क्षेत्रलाई क्रमशः विकास गर्दै जान खेलकुद पूर्वाधार निर्माणमा जोड दिइरहेको उल्लेख गर्दै खेलाडीहरूले जुनसुकै खेल खेले पनि मेहनत र अनुशासनका साथ प्रतिबद्ध भएर लाग्नुपर्ने बताउनुभयो ।

हरेक खेलाडीले हरेस नखाई प्रयास जारी राखी ब्याडमिन्टन क्षेत्रमा भक्तपुरको नाम राख्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले खेलाडीहरूले स्थानीय, राष्ट्रिय हुँदै भविष्यमा अन्तर्राष्ट्रिय जगत्मा प्रतिस्पर्धा गरी सिङ्गो देशको नाम राख्न सक्षम हुनुपर्ने बताउनुभयो ।

भनपा वडा नं. ९ वडाका वडाध्यक्ष रवीन्द्र ज्याख्वले खेल जगत्मा अनुशासनको महत्त्वपूर्ण भूमिका रहने स्पष्ट पार्दै हरेक खेलाडीले आफ्नो व्यक्तिगत स्वार्थको लागि नभई आफ्नो सीप र दक्षता समाज र देशको निम्ति उपयोग गर्ने भावनाले खेल्नुपर्ने बताउनुभयो ।

खेलाडीहरूले आफ्नो क्षमतालाई परिष्कृत गर्दै स्थानीय सँगसँगै अन्य जिल्लाका खेलाडीहरूसँग पनि प्रतिस्पर्धा गर्न सक्षम हुनुपर्नेमा जोड दिँदै उहाँले हरेक खेलाडी नेतृत्वप्रति पनि सजग हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

९ नं वडा खेलकुद समितिका अध्यक्ष राजेश प्रजापतिको सभापतित्वमा भएको सो कार्यक्रममा २१ जना महिला र पुरुषको उत्साहजनक रूपमा प्रतियोगितामा सहभागी भएका थिए । कार्यक्रममा प्रमुख प्रजापतिले विजेता खेलाडीहरूलाई प्रमाणपत्र तथा ट्रफी वितरण गर्नुभएको थियो ।


## जातीय भेदभाव उन्मूलन गरौं।

- सबै मानिस समान हुन्,
- समावेशी समाज निर्माणमा सबैको समान सहभागिता सुनिश्चित गरौं,
- भेदभावविरुद्ध आवाज उठाउँदै न्याय र समानताको पक्षमा पैरवी गरौं,
- विद्यालय, कार्यस्थल र समुदायमा समान व्यवहार अपनाऔं,
- मानव अधिकारको सम्मान र संरक्षण गरौं,
- विभेदजन्य व्यवहार, घृणा र पूर्वाग्रह त्यागौं,
- सामाजिक सद्भाव, सहिष्णुता र आपसी सम्मान बढाऔं,
- कानुन र नीतिहरूको पालना गर्दै विभेदमुक्त वातावरण बनाऔं,
- नयाँ पुस्तामा समानता र मानवताको मूल्य सिकाऔं।

जातजाति, सम्प्रदाय, लिङ्ग, भाषा वा धर्मका आधारमा हुने विभेदको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# दार्चुलाको नौगाडा गाउँ पालिकामा १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस

दार्चुला, २० वैशाख । नेपाल मजदुर किसान पार्टी नौगाड गापा वडा नं ६ मसानेबगर र बाबेबगरमा मतदाताहरूलाई धन्यवाद, केन्द्रीय समितिको बैठकको सन्देश र १३७ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा आइतबार कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य रमेशकुमार रावलले मादल चिह्नमा छाप हाल्ने सम्पूर्ण मतदातालाई धन्यवाद व्यक्त गर्नुका साथै पार्टी केन्द्रीय समितको बैठकको सन्देशबारे जानकारी दिनुभयो ।

देश आजको अवस्थामा पुग्नुमा शासक दल र सत्तामा गएका पार्टीहरूको पुँजीवादी नीति नै दोषी भएको उल्लेख गर्दै उहाँले कामदार जनताको राज्यसत्ता स्थापना गर्न नेमकिपा सङ्घर्षरत रहेको स्पस्ट पार्नुभयो ।

मजदुर आन्दोलनको उपलब्धि भनेको काम गर्ने समय घटाई दैनिक ८ घण्टा हुनु र ज्याला बढ्नु रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा नेमकिपा कैलाली सदस्य सीताराम पण्डितले पनि बोल्नुभएको थियो ।


"आर्थिक समृद्धिका लागि बाराही सहकारी"

श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
Shree Barahi Saving & Credit Co-operative Society Ltd.

ACCESS BRONZE

भुलाँचा-४,भक्तपुर
फोन नं. ६६११३६४

## कर्मचारी आवश्यकतासम्बन्धी सूचना

प्रकाशित मिति : २०८३/०१/२१ गते

विगत २७ वर्षदेखि समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था अभिवृद्धि गर्ने उद्देश्यले आफ्ना सदस्यहरूलाई सुरक्षित र प्रतिस्पर्धी सेवा प्रदान गर्दै आइरहेको अन्तर्राष्ट्रिय स्तरको एक्सेस ब्रान्ड प्राप्त गर्न सफल यस संस्थामा निम्न पदमा खुला प्रतियोगिताबाट पदपूर्ति गर्ने भएकोले योग्य, सक्षम, इमानदार, स्वउत्प्रेरित र देहायबमोजिमका योग्यता पुगेका कर्मचारीको आवश्यक परेको हुँदा इच्छुक नेपाली नागरिकलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्थामा आइपुग्ने गरी दर्खास्त दिनुहुन सूचित गरिन्छ । प्राप्त आवेदकहरूमध्ये छोटो सूचीमा पर्न सफल आवेदकलाई मात्र परीक्षामा सहभागी गराइनेछ ।

| विज्ञापन नं., सेवा सुविधा | योग्यता तथा उमेर | मुख्य जिम्मेवारी | छनोट प्रक्रिया |
|---|---|---|---|
| **विज्ञापन नं.** ००१/२०८२/०८३<br>**पद** : बचत सहायक (बजार प्रतिनिधि)<br>**तह** : तेस्रो<br>**सङ्ख्या** : ३<br>**सेवा सुविधा** : संस्थाको नियमानुसार | १. कम्तिमा वाणिज्य विषयमा १०+२ वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण ।<br>२. आधारभूत कम्प्युटर तालिम ।<br>३. वित्तीय क्षेत्रमा कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको वा वित्तीय क्षेत्रमा इन्टर्नसिप गरेको ।<br>४. कम्तीमा दुईपाङ्ग्रे सवारीचालक अनुमतिपत्र प्राप्त गरी चलाउन सक्नेलाई प्राथमिकता दिइनेछ ।<br>५. उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेका । | संस्थाले तोकिएको कार्यक्षेत्र । | प्रयोगात्मक, मौखिक अन्तर्वार्ता वा तोकिएको कुनै |

**दर्खास्त साथ पेस गर्नुपर्ने कागजातहरू**

१. हस्तलिखित निवेदन ।
२. व्यक्तिगत विवरण (बायोडाटा) ।
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
४.नागरिकता प्रमाणपत्र र राष्ट्रिय परिचयपत्रको प्रतिलिपि ।
५. सम्बन्धित कामको नियुक्ति पत्र र अनुभवपत्रको प्रतिलिपि ।
६. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति ।
७. सवारीचालक अनुमतिपत्रको प्रतिलिपि ।
८. प्राप्त तालिम प्रमाणपत्रको फोटोकपी ।

**नोट** : १. प्रत्यक्ष संस्थामा उपस्थित भई निवेदन पेस गर्नुपर्नेछ ।
२. आवेदन शुल्क रू.२००।- लाग्नेछ ।
३. रित पुगेका आवेदनहरू मात्र दर्ता गरिनेछ ।
४. सम्पर्क मिति अन्तिम मितिको भोलिपल्ट सम्पर्क गर्न सक्नेछ ।

**पदपूर्ति उपसमिति**
श्री बाराही साकोस


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा